# विपद्मा बालबालिकाको अस्थायी संरक्षण सेवा सञ्चालन निर्देशिका, २०८३

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: १६/०८३
दर्ता मिति: २०८३।०५।२५

# विपद्मा बालबालिकाको अस्थायी संरक्षण सेवा सञ्चालन निर्देशिका, २०८३

बाढी, पहिरो, भूकम्पलगायत प्राकृतिक तथा अन्य विपद्का कारण बाबुआमा, अभिभावक, संरक्षक वा परिवारका सदस्य गुमाएका, परिवारबाट बिछोडिएका, परिवार वा अभिभावकको पहिचान वा अवस्था एकीन हुन नसकेका, घाइते तथा अपाङ्गता भएका र बेवारीस भई तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक भएका बालबालिकाको जीवनको संरक्षण तथा सुरक्षा, स्वास्थ्य, अधिकार, हक हित, मर्यादा र सर्वोत्तम हित सुनिश्चित गर्न वाञ्छनीय भएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले यो निर्देशिका बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "विपद्मा बालबालिकाको अस्थायी संरक्षण सेवा सञ्चालन निर्देशिका, २०८३" रहनेछ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) प्रारम्भिक रूपमा यस निर्देशिका बमोजिमको अस्थायी संरक्षण सेवा काठमाडौं उपत्यकामा स्थापना तथा सञ्चालन गरिनेछ।

(४) विपद्को प्रकृति, प्रभावित बालबालिकाको संख्या, भौगोलिक अवस्था तथा आवश्यकता हेरी मन्त्रालयले परिषद्, सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तह तथा अन्य जिम्मेवार सरकारी निकायसँग समन्वय गरी अन्य स्थानमा समेत अस्थायी संरक्षण सेवा स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

२. परिभाषा: यस निर्देशिकामा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "केन्द्र" भन्नाले यस निर्देशिका बमोजिम विपद् पीडित तथा प्रभावित बालबालिकाको अस्थायी संरक्षण सेवा प्रबन्धका लागि दफा ३ बमोजिमको अस्थायी संरक्षण सेवा केन्द्र सम्झनु पर्छ।

(ख) "केन्द्र प्रमुख" भन्नाले दफा ३१ बमोजिम राष्ट्रिय बाल अधिकार परिषदले तोकेको केन्द्र प्रमुख सम्झनुपर्छ।

सचिव

(ग) "घटना व्यवस्थापन" भन्नाले प्रत्येक बालबालिकाको अवस्था पहिचान, आवश्यकता मूल्याङ्कन, व्यक्तिगत संरक्षण योजना, आवश्यक सेवा, परिवार खोजी, पुनर्मिलन, वैकल्पिक हेरचाह, अनुगमन तथा फलोअपसम्बन्धी व्यवस्थित प्रक्रिया सम्झनुपर्छ।

(घ ("घटना पहिचान नम्बर" भन्नाले दफा १० बमोजिम प्रत्येक बालबालिकालाई प्रदान गरिने विशिष्ट पहिचान नम्बर सम्झनुपर्छ।

(ङ) "परिवार खोजी" भन्नाले बालबालिकाको बाबुआमा, अभिभावक, नजिकको नातेदार वा परिवारका सदस्यको पहिचान तथा खोजतलास गर्ने प्रक्रिया सम्झनुपर्छ।

(च) "पारिवारिक पुनर्मिलन" भन्नाले बालबालिकाको परिवार, अभिभावक वा नजिकका नातेदारको पहिचान तथा सम्बन्ध एकीन गरी बालबालिकाको सुरक्षा र सर्वोत्तम हित सुनिश्चित हुने अवस्था भएमा निजलाई परिवार, अभिभावक वा सुरक्षित नातेदारको जिम्मामा पुनःफिर्ता गर्ने प्रक्रिया सम्झनुपर्छ।

(छ) "परिषद्" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ।

(ज) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी प्रचलित कानूनबमोजिम तोकिएको बाल कल्याण अधिकारी सम्झनुपर्छ।

(झ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(ञ) "स्थानीय बाल अधिकार समिति" भन्नाले प्रचलित कानूनबमोजिम स्थानीय तहमा गठन भएको बाल अधिकार समिति सम्झनुपर्छ।

(ट) "स्थानीय तह" भन्नाले सम्बन्धित गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(ठ) "सर्वोत्तम हित निर्धारण" भन्नाले दीर्घकालीन असर पर्ने विषयहरूमा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी गरिने औपचारिक निर्णय प्रक्रिया सम्झनुपर्छ।

(ड) "समिति" भन्नाले दफा २८ बमोजिमको केन्द्र सञ्चालन तथा व्यवस्थापन समन्वय समिति सम्झनुपर्छ।

सचिव

परिच्छेद -२

<u>अस्थायी संरक्षण सेवा केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन</u>

३. अस्थायी संरक्षण सेवा केन्द्रको स्थापना तथा सञ्चालन : (१) ऐनको दफा ६९ बमोजिम तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक भएका विपद् पीडित तथा प्रभावित बालबालिकाको अस्थायी संरक्षण सेवा प्रबन्धका लागि परिषदले आवश्यक संख्यामा अस्थायी संरक्षण सेवा केन्द्र स्थापना गर्नेछ।

(२) उपदफा (१) को कार्य प्रयोजनका लागि कुनै स्थानीय तह वा संस्थाले राष्ट्रिय बाल अधिकार परिषदबाट स्वीकृति लिई अस्थायी संरक्षण सेवा केन्द्रको स्थापना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको केन्द्रले ऐन तथा नियमावलीका अतिरिक्त यस निर्देशिकामा तोकिएका मापदण्डहरु पूरा गरी सञ्चालन गर्नु पर्नेछ।

४. केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति : (१) केन्द्रको सञ्चालन, व्यवस्थापन, समन्वय, र अनुगमन लगायतका कार्य गर्न गराउन देहायबमोजिमको केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः–

(क) मन्त्रालयको बाल संरक्षण शाखाकोउपसचिव वा मन्त्रालयले तोकेको सो सरहको अधिकृत- संयोजक

(ख) राष्ट्रिय बाल अधिकार परिषद्का प्रतिनिधि - सदस्य

(ग) केन्द्र सञ्चालन हुने स्थानीय तह, कार्यपालिकाका सामाजिक विकाससमितिका संयोजक - सदस्य

(घ) केन्द्र सञ्चालन हुने स्थानीयतहको बाल कल्याण अधिकारी – सदस्य

(ङ) केन्द्र रहेको स्थानीय तहकोवडास्थित स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

(च) केन्द्र रहेको स्थानीय तहकोनजिकैको सामुदायिक विद्यालयका प्रधानाध्यापक - सदस्य

(छ) स्थानीय तहमा सूचीकृत भईस्थानीय तहले तोकेको समाजसेवी - सदस्य

(ज) स्थानीय तहमा सूचीकृत भईस्थानीय तहले तोकेको बालमनोविज्ञ - सदस्य

(झ) नेपाल प्रहरीको महिला तथाबालबालिका हेर्ने स्थानीय इकाई को प्रतिनिधि – सदस्य

(ञ) स्थानीय बाल अधिकार समितिका अध्यक्षले तोकेका समितिसदस्यमध्येबाट १ जना– सदस्य

(ट) केन्द्र प्रमुख - सदस्य-सचिव।

(२) दफा १ को उपदफा (४) बमोजिमको केन्द्र सञ्चालन गर्ने हकमा उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य तोक्दा परिषद्ले अधिकृतस्तरका प्रतिनिधि तोक्न सक्नेछन् ।

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा विषयका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) केन्द्रको नीति, कार्ययोजना तथा प्राथमिकता निर्धारण गर्ने;

(ख) बजेट, जनशक्ति तथा स्रोत व्यवस्थापनमा आवश्यक निर्णय तथा सहजीकरण गर्ने;

(ग) सम्बन्धित सरकारी निकाय, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायबीच समन्वय गर्ने;

सचिव

(घ) विशेष तथा संवेदनशील घटनाको समीक्षा गरी आवश्यक निर्देशन दिने;

(ङ) केन्द्रको सुरक्षा तथा सेवा प्रवाहको गुणस्तरको अनुगमन गर्ने;

(च) बालबालिकाको आवश्यकता अनुसार वैकल्पिक संरक्षण सेवासँग समन्वय गर्ने;

(छ) गम्भीर घटनाको छानबिनका लागि आवश्यकताअनुसार छानबिन समिति गठन गरी सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस गर्ने;

(ज) केन्द्रको विस्तार, स्थानान्तरण वा बन्द गर्ने सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने;

(झ) केन्द्रको प्रगति तथा तथ्याङ्कको नियमित रूपमा समीक्षा गर्ने।

६. समितिको बैठक तथा निर्णयः (क) समितिको बैठक आपतकालीन अवस्थामा कम्तीमा हप्तामा एक पटक र अन्य अवस्थामा कम्तीमा महिनामा दुई पटक बस्नेछ।

(ख) संयोजकले आवश्यकताअनुसार विशेष बैठक बोलाउन सक्नेछ।

(ग) समितिको बैठकका लागि कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएको हुनुपर्नेछ। तर परिषद् र सम्बन्धित स्थानीय तहका प्रतिनिधिको उपस्थिति अनिवार्य हुनेछ।

(घ) समितिको निर्णय सामान्यतया सर्वसम्मतिबाट र सर्वसम्मति हुन नसकेमा उपस्थित सदस्यको बहुमतबाट हुनेछ। मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(ङ) बैठकका निर्णय अभिलेख गरी राष्ट्रिय बाल अधिकार परिषद र सम्बन्धित स्थानीय तहमा पठाउनुपर्नेछ।

७. केन्द्र प्रमुख सम्बन्धी व्यवस्थाः

(१) मन्त्रालयले दफा १ को उपदफा (३) बमोजिमको केन्द्र सञ्चालनका हकमा परिषद्का अधिकृतमध्ये एक जनालाई केन्द्र प्रमुख तोक्नेछ ।

(२) मन्त्रालयले दफा १ को उपदफा (४) बमोजिमको केन्द्र सञ्चालनका हकमा परिषद्का अधिकृत मध्ये एक जना वा मन्त्रालयलेकेन्द्र सञ्चालन हुने स्थानीय तहसँग समन्वय गरी तोकेको अधिकृत स्तरको एक एक जनालाई केन्द्रप्रमुख तोक्नेछ ।

८. केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकारः केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) केन्द्रमा चौबीसै घण्टा सेवा सञ्चालन हुने व्यवस्था मिलाउने;

(ख) कर्मचारीको कार्यविभाजन तथा ड्युटी रोस्टर तयार गर्ने;

सचिव

(ग) बालबालिकाको दर्ता, प्रारम्भिक लेखाजोखा, घटना व्यवस्थापन तथा सर्वोत्तम हित मूल्याङ्कन समयमै हुने व्यवस्था मिलाउने;

(घ) बालबालिकाको स्वास्थ्य, पोषण, उपचार, मनोसामाजिक सहयोग तथा आवश्यक अन्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने;

(ङ) परिवार खोजी तथा पारिवारिक पुनर्मिलनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने;

(च) केन्द्रको सुरक्षा, गोपनीयता तथा बाल संरक्षण मापदण्ड तथा आचारसंहिताको पालना गराउने;

(छ) केन्द्रमा रहेका बालबालिकाको अवस्था तथा महत्वपूर्ण घटनाको प्रतिवेदन सम्बन्धित निकायमा पेस गर्ने;

(ज) उपलब्ध स्रोत तथा साधनको पारदर्शी र मितव्ययी रूपमा व्यवस्थापन गर्ने;

(झ) सम्बन्धित बाल कल्याण अधिकारीसँग आवश्यक समन्वय गर्ने;

(ञ) बालबालिकाको ज्यान वा सुरक्षामा तत्काल जोखिम भएमा आवश्यक उपचार, सुरक्षित स्थानान्तरण वा प्रहरी सहयोगको व्यवस्था गर्ने र सोको जानकारी चौबीस घण्टाभित्र समितिलाई दिने।

९. केन्द्रमा आवश्यक जनशक्ति : (१) केन्द्रमा रहेका बालबालिकाको सङ्ख्या अनुसार आवश्यक पर्ने जनशक्ति व्यवस्थापन परिषदले गर्नेछ। परिषदले मन्त्रालय, सम्बन्धित स्थानीय तह र विकासका साझेदार समेतसँग समन्वय गरी केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्नेछ। त्यसरी जनशक्ति व्यवस्थापन गर्दा देहायबमोजिम हुनेगरी आवश्यक संख्या निर्धारण गर्नुपर्नेछः–

(क) केन्द्र प्रमुख

(ख) बाल संरक्षण तथा घटना व्यवस्थापन अधिकृत

(ग) समाजसेवी

(घ) नर्स वा स्वास्थ्यकर्मी

(ङ) बालमनोविज्ञ वा मनोसामाजिक परामर्शदाता

(च) हेरचाहकर्ता

(छ) शिक्षक

(ज) खेल तथा मनोरञ्जन सहयोगी

(झ) भान्से/कुक

(ञ) सुरक्षा कर्मचारी

(ट) सरसफाइ कर्मचारी

(ठ) आवश्यकता अनुसार भाषा वा सांकेतिक भाषा सहयोगी

नेपाल सरकार सिंहदरबार, काठमाडौं

सचिव

(ङ) कार्यालय सहयोगी

(२) केन्द्रमा चौबीसै घण्टा पर्याप्त सङ्ख्यामा बाल हेरचाहकर्ता, स्वास्थ्यकर्मी तथा सुरक्षा कर्मचारी उपलब्ध रहने व्यवस्था गर्नु पर्नेछ।

(३) बालिका बस्ने आवासीय क्षेत्रमा रातिको समयमा कम्तीमा एक जना महिला बाल हेरचाहकर्ता अनिवार्य रूपमा खटाउनुपर्नेछ।

१०. कर्मचारी तथा अन्य जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिता: (१) केन्द्रमा खटिने कर्मचारी, स्वयंसेवक तथा साझेदार संस्थाका प्रतिनिधिले परिचालन हुनुअघि प्रहरीबाट चारित्रिक प्रमाणपत्र पेश गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका व्यक्तिले अनुसूची– ९ बमोजिमको बाल संरक्षण मापदण्ड तथा आचारसंहिता पालना गर्ने स्वघोषणामा हस्ताक्षर गर्नु पर्नेछ।

(३) परिषदले केन्द्रमा परिचालन हुनुअघि केन्द्रका कर्मचारी तथा अन्य जनशक्तिलाई बाल संरक्षण, गोपनीयता, मनोवैज्ञानिक प्राथमिक सहयोग तथा यस निर्देशिका सम्बन्धी अभिमुखीकरण दिनु पर्नेछ।

सचिव

## परिच्छेद-३
## प्रदान गरिने सेवाहरु

११. केन्द्रको स्वरूप: (१) केन्द्र चौबीसै घण्टा सञ्चालन हुनेछ।

(२) बालबालिकालाई आवश्यकता भन्दा बढी समय केन्द्रमा राखिने छैन।

(३) प्रत्येक बालबालिकाको घटना कम्तीमा सात दिनमा एकपटक पुनरावलोकन गरिनेछ।

(४) कुनै बालबालिका तीस दिनभन्दा बढी केन्द्रमा रहनुपर्ने अवस्था आएमा केन्द्र प्रमुखले कारणसहित विशेष घटना समीक्षा गरी पेश गरेको योजना बाल कल्याण अधिकारीको स्वीकृति बमोजिम समायावधि बढाउन सकिनेछ।

(५) कुनै पनि अवस्थामा बालबालिकाको बसाइ नब्बे दिनभन्दा बढी हुने भएमा सोको कारण, गरिएका प्रयास तथा प्रस्तावित समाधान सहितको विवरण समितिमार्फत परिषद र मन्त्रालयसमक्ष पेस गर्नु पर्नेछ र स्वीकृति भए बमोजिम समयावधि बढाउन सकिने छ।

१२. न्यूनतम सेवा तथा सुविधा मापदण्ड : अस्थायी संरक्षण सेवा केन्द्रले प्रदान गर्ने सेवा सुविधाहरु ऐनको दफा ४८ को उपदफा (२) र नियमावलीको नियम ६८ मा उल्लेख भएका सेवा सुविधाहरु बाहेक देहायका न्यूनतम मापदण्ड पालना गरिनेछः-

(क) केन्द्रको क्षमता बढीमा एक सय पचास जना बालबालिकाको हुनेछ। सोभन्दा बढी बालबालिका संरक्षणमा राख्नुपर्ने भएमा समितिको निर्णयले सोही बमोजिम स्थान तथा लजिष्टिक व्यवस्थापन गर्नु पर्नेछ।

(ख) प्रत्येक बालबालिकाका लागि शयन कक्ष कम्तीमा साढे तीन वर्गमिटरको हुनेछ।

(ग) प्रत्येक बालबालिकाका लागि दैनिक कम्तीमा पन्ध्र लिटर पानीको व्यवस्था गरिनेछ, जसमा पिउनका लागि कम्तीमा तीन लिटर सुरक्षित खानेपानी उपलब्ध गराइनेछ।

(घ) प्रत्येक बीस जना बालबालिकाका लागि कम्तीमा एक शौचालयको व्यवस्था गरिनेछ। बालक र बालिकाका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरी शौचालय भित्रबाट बन्द गर्न सकिने व्यवस्था गरिनेछ।

(ङ) प्रत्येक बालबालिकालाई दैनिक कम्तीमा दुई हजार एक सय किलो क्यालोरी बराबरको पोषणयुक्त खाना उपलब्ध गराइनेछ। दैनिक तीन पटक मुख्य भोजन र दुई पटक खाजाको व्यवस्था गरिनेछ।

(च) प्रत्येक बालबालिकाका लागि दैनिक कम्तीमा दुई घण्टा खेलकुद तथा सिर्जनात्मक गतिविधि सञ्चालन गरिनेछ।

सचिव

(छ) प्रत्येक बालबालिकाका लागि दैनिक कम्तीमा दुई घण्टा उमेर तथा आवश्यकता अनुकूल संरचित सिकाइ गतिविधि सञ्चालन गरिनेछ।

(ज) एक जना घटना कार्यकर्ताले एकपटकमा बढीमा पच्चीस वटा घटनाको जिम्मेवारी लिनेछ।

(झ) शौचालय जाने बाटो, शयनकक्ष वरपर तथा केन्द्र परिसरमा रातिको समयमा पर्याप्त प्रकाशको व्यवस्था गरिनेछ।

१३. स्वास्थ्य परीक्षण तथा उपचार : (१) केन्द्रमा भर्ना हुने प्रत्येक बालबालिकाको स्वास्थ्य अवस्था चौबीस घण्टाभित्र स्वास्थ्यकर्मीबाट परीक्षण गरी अनुसूची– ३ बमोजिम अभिलेख राखिनेछ।

(२) प्रत्येक दिन नर्स वा स्वास्थ्यकर्मीले बालबालिकाको सामान्य स्वास्थ्य अवस्था अवलोकन गरी अनुसूची– ५ बमोजिम अभिलेख राख्नेछ।

(३) आवश्यकता अनुसार बालबालिकाको चिकित्सकबाट थप स्वास्थ्य परीक्षण तथा उपचार गराइनेछ।

(४) आकस्मिक वा जटिल स्वास्थ्य अवस्था देखिएमा बालबालिकालाई तत्काल सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थामा रेफर गरिनेछ र रेफर गर्दा समाजसेवी वा हेरचाहकर्ताको साथमा पठाइनेछ।

(५) सरुवा रोगको लक्षण देखिएका बालबालिकाका लागि स्वास्थ्यसम्बन्धी प्रचलित मापदण्डबमोजिम सुरक्षित पृथकीकरण तथा उपचारको व्यवस्था गरिनेछ।

(६) नियमित औषधि सेवन गर्नुपर्ने बालबालिकाको औषधि सुरक्षित रूपमा ताल्चा लाग्ने दराजमा राखी स्वास्थ्यकर्मीको निगरानीमा सेवन गराइनेछ र औषधि वितरणको अभिलेख राखिनेछ।

(७) बालबालिकाको पोषण अवस्था साप्ताहिक रूपमा परीक्षण गरी अभिलेख राखिनेछ र गम्भीर कुपोषण देखिएमा तत्काल पोषण पुनर्स्थापना सेवाका लागि रेफर गरिनेछ।

१४. पोषण तथा भोजन : (१) बालबालिकाको उमेर, स्वास्थ्य अवस्था, पोषण तथा आवश्यकताअनुसार सन्तुलित तथा पोषणयुक्त भोजन उपलब्ध गराइनेछ।

(२) शिशु, साना बालबालिका, कुपोषित तथा बिरामी बालबालिकाका लागि स्वास्थ्यकर्मी वा पोषणविद्को सल्लाहअनुसार विशेष पोषणयुक्त आहारको व्यवस्था गरिनेछ।

(३) छ महिनामुनिका शिशुका लागि स्तनपानको संरक्षण तथा प्रवर्द्धन गरिनेछ र स्तनपान गराउने आमालाई छुट्टै कक्ष तथा आवश्यक थप पोषण उपलब्ध गराइनेछ।

(४) शिशु आहार पदार्थको दान स्वीकार वा वितरण गरिने छैन र अत्यावश्यक अवस्थामा चिकित्सकको लिखित सिफारिसमा मात्र नियन्त्रित रूपमा प्रयोग गरिनेछ।

(५) बालबालिकाका लागि सुरक्षित खानेपानी चौबीसै घण्टा उपलब्ध गराइनेछ।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

सचिव

(६) कुनै व्यक्ति वा दाताले बालबालिकालाई प्रत्यक्ष रूपमा खाना, मिठाई, औषधि, नगद वा अन्य सामग्री वितरण गर्न पाउने छैन र प्राप्त सबै सहयोग केन्द्र व्यवस्थापनमार्फत व्यवस्थित रूपमा वितरण गरिनेछ।

(७) भान्सा तथा खाद्य भण्डारमा प्रचलित सरसफाइ तथा खाद्य सुरक्षा मापदण्ड पालना गरिनेछ। भान्सा कर्मचारीको स्वास्थ्य परीक्षण गरिनेछ र प्रत्येक दिनको भोजनको नमुना अठ्चालीस घण्टासम्म सुरक्षित राखिनेछ।

१५. मनोसामाजिक तथा मानसिक स्वास्थ्य सहयोग : (१) प्रत्येक बालबालिकालाई केन्द्रमा प्रवेश गरेको अठ्चालीस घण्टाभित्र मनोवैज्ञानिक प्राथमिक सहयोग (Psychological First Aid) उपलब्ध गराइनेछ।

(२) प्रत्येक बालबालिकाको मनोसामाजिक अवस्था तथा समग्र भलाइको दैनिक रूपमा सामान्य अवलोकन गरिनेछ।

(३) प्रशिक्षित मनोविज्ञबाट प्रत्येक बालबालिकालाई आवश्यकता अनुसार व्यक्तिगत वा समूहगत मनोसामाजिक परामर्श तथा सहयोग उपलब्ध गराइनेछ।

(४) बालबालिकालाई विपद्, परिवार गुमाएको अवस्था, हिंसा वा आघातजन्य घटनाका सम्बन्धमा पटकपटक सोधपुछ गर्न वा घटना बताउन बाध्य पारिने छैन।

(५) गम्भीर मानसिक स्वास्थ्य समस्या, अत्यधिक मानसिक आघात वा आत्महानिको जोखिम देखिएमा बालबालिकालाई विशेषज्ञ मानसिक स्वास्थ्य सेवामा रेफर गरी आवश्यक निरन्तर सुपरीवेक्षण गरिनेछ।

(६) मनोसामाजिक परामर्शलाई दण्ड, सोधपुछ वा अनुसन्धानको माध्यमका रूपमा प्रयोग गर्न पाइने छैन।

(७) मनोसामाजिक परामर्शसम्बन्धी विवरण गोप्य राखिनेछ र बालबालिकाको सुरक्षामा गम्भीर जोखिम देखिएको अवस्थामा आवश्यक न्यूनतम सूचना मात्र केन्द्र प्रमुख तथा सम्बन्धित निकायलाई उपलब्ध गराइनेछ तथा सोको जानकारी बालबालिकालाई उमेर र अवस्थाअनुकूल रूपमा दिइनेछ।

(८) समाजसेवी, बाल मनोविज्ञ तथा हेरचाहकर्ताका लागि पाक्षिक रूपमा पेसागत सुपरीवेक्षण तथा तनाव व्यवस्थापन सम्बन्धी सत्र सञ्चालन गरिनेछ।

१६. लैङ्गिक तथा यौनजन्य हिंसाको अवस्थामा विशेष व्यवस्था : (१) लैङ्गिक वा यौनजन्य हिंसाको शङ्का वा सङ्केत देखिएमा बालबालिकालाई पटकपटक सोधपुछ नगरी तत्काल तोकिएको स्वास्थ्य संस्थामा रेफर गरिनेछ।

(२) लैङ्गिक वा यौनजन्य हिंसाबाट प्रभावित बालबालिकालाई आवश्यक स्वास्थ्य सेवा तत्काल उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

नेपाल सरकार ... सिंहदरबार, काठमाडौं

सचिव

(३) लैङ्गिक वा यौनजन्य हिंसाबाट प्रभावित बालबालिकालाई आवश्यक स्वास्थ्य तथा मनोसामाजिक सेवा सम्भव भएसम्म महिला स्वास्थ्यकर्मी तथा महिला मनोविज्ञको उपस्थितिमा पूर्ण गोपनीयतासहित उपलब्ध गराइनेछ।

(४) बालबालिकाको उमेर तथा अवस्था अनुकूल सहमति र सुरक्षा सुनिश्चित गरी लैङ्गिक वा यौनजन्य हिंसा सम्बन्धी घटना प्रचलित कानूनबमोजिम प्रहरीलाई जानकारी गराइनेछ र प्रमाण नष्ट हुन नदिने व्यवस्था मिलाइनेछ।

१७. बालबालिकाको दैनिकी तालिका कार्यान्वयनमा ल्याइने : (१) केन्द्रमा बालबालिकाको उमेर, अवस्था तथा आवश्यकताअनुसार नियमित, सुरक्षित र पूर्वानुमानयोग्य दिनचर्या कायम गरिनेछ र नमुना दिनचर्या अनुसूची– १४ मा उल्लेख भएबमोजिम हुनेछ।

(२) दैनिक दिनचर्यामा पर्याप्त निद्रा तथा आराम, नियमित पौष्टिक भोजन, व्यक्तिगत सरसफाइ, खेलकुद, चित्रकला तथा सिर्जनात्मक गतिविधि, कथा तथा पुस्तक पढ्ने समय, मनोरञ्जन, सामान्य सिकाइ तथा अध्ययन, जीवनोपयोगी सीप, सुरक्षित बाह्य गतिविधि, समूहगत बालमैत्री कार्यक्रम तथा मनोसामाजिक स्वास्थ्य प्रवर्द्धनसम्बन्धी गतिविधि समावेश गरिनेछ।

(३) दैनिक दिनचर्या सरल भाषामा तथा आवश्यकताअनुसार चित्रसहित बालबालिकाले देख्ने स्थानमा राखिनेछ र पाँच वर्षमुनिका बालबालिकाका लागि छुट्टै तथा लचिलो दिनचर्या लागू गरिनेछ।

(४) बालबालिकालाई राहत प्राप्त गर्ने निष्क्रिय व्यक्तिका रूपमा नभई सम्मानित, सुरक्षित तथा सहभागी वातावरणमा राखिनेछ।

१८. सिकाइ तथा शिक्षाको निरन्तरता : (१) केन्द्रमा दैनिक कम्तीमा दुई घण्टा संरचित सिकाइ गतिविधि सञ्चालन गरिनेछ।

(२) स्थानीय तहको शिक्षा शाखासँग समन्वय गरी बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिने व्यवस्था मिलाइनेछ र लामो समय केन्द्रमा बस्नुपर्ने बालबालिकाका लागि नजिकको सामुदायिक विद्यालयमा अस्थायी भर्नाको व्यवस्था गरिनेछ।

(३) कक्षा वा सिकाइ सत्रलाई कुनै पनि अवस्थामा दाता वा आगन्तुकको भ्रमणको प्रदर्शनका रूपमा प्रयोग गर्न पाइने छैन।

१९. बाल सहभागिता : (१) केन्द्रमा विभिन्न उमेर समूह तथा लिङ्गको प्रतिनिधित्व हुने गरी बाल परामर्श समूह गठन गर्न सकिनेछ।

(२) बालबालिकालाई आफ्नो घटनाको प्रगति, अधिकार तथा उजुरी गर्ने माध्यमबारे उमेर तथा अवस्था अनुकूल भाषामा नियमित जानकारी दिइनेछ।

(३) दिनचर्या तथा गतिविधि निर्धारण गर्दा बालबालिकाको सुझाव समावेश गरिनेछ र कुनै पनि गतिविधिमा सहभागी हुन बालबालिकालाई कर लगाइने छैन।

सचिव

२०. विशेष आवश्यकता भएका बालबालिकाको संरक्षणः (१) केन्द्रमा रहेका शिशु तथा पाँच वर्षमुनिका बालबालिकाका लागि निरन्तर हेरचाह, उमेरअनुकूल पोषण, स्वास्थ्य निगरानी तथा भावनात्मक सुरक्षा सुनिश्चित गरिनेछ र स्तनपान गराउने आमा र शिशुलाई सम्भव भएसम्म सँगै राखिनेछ।

(२) अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना, हेरचाह सहयोग, औषधि, सांकेतिक भाषा सहयोगी तथा आवश्यक विशेषज्ञ सेवा उपलब्ध गराइनेछ र केन्द्रका सेवा तथा गतिविधिमा निजहरूको समान सहभागिता सुनिश्चित गरिनेछ।

(३) हिंसा, बेचबिखन वा अन्य उच्च जोखिममा रहेका बालबालिकाको पहिचान, बसोबास तथा आवागमनसम्बन्धी विवरण गोप्य राखी निजको सुरक्षा तथा संरक्षणका लागि सम्बन्धित प्रहरी तथा संरक्षण संयन्त्रसँग आवश्यक समन्वय गरिनेछ।

(४) किशोरीका लागि सुरक्षित शयन व्यवस्था, गोपनीयता, महिनावारी स्वच्छता सामग्री तथा त्यसको धुने, सुकाउने र सुरक्षित निष्कासनको व्यवस्था, आवश्यक महिला हेरचाहकर्ता तथा स्वास्थ्य र मनोसामाजिक सेवा उपलब्ध गराइनेछ।

२१. चौबीसै घण्टा सुरक्षा व्यवस्थाः (१) केन्द्रमा बालबालिकाको सुरक्षा तथा संरक्षणका लागि चौबीसै घण्टा सुरक्षा व्यवस्था मिलाइनेछ।

(२) सुरक्षा प्रयोजनका लागि सीसीटीभी (CCTV) जडान गरिएमा साझा प्रवेशद्वार तथा आवश्यक सार्वजनिक क्षेत्रमा मात्र जडान गर्न सकिनेछ। तर त्यस्तो सीसीटीभी शयनकक्ष, शौचालय, स्नानघर, स्वास्थ्य परीक्षण कक्ष तथा मनोसामाजिक सेवा प्रदान गर्ने कक्षमा जडान गर्न पाइने छैन।

(३) केन्द्रको परिसर आवश्यकताअनुसार सुरक्षित घेराबार गरिएको हुनेछ। घेराबार गर्दा बालबालिकालाई बन्दी भएको अनुभूति नहुने गरी बालमैत्री वातावरण कायम गरिनेछ।

२२. आपतकालीन योजना तथा अभ्यासः (१) केन्द्रले आगलागी, भूकम्प, बाढी वा पहिरो, सरुवा रोगको प्रकोप, बालबालिका हराएको अवस्था, बाह्य सुरक्षा खतरा तथा आकस्मिक स्वास्थ्य संकटको व्यवस्थापनका लागि लिखित आपतकालीन कार्ययोजना तयार गरी लागू गर्नेछ।

(२) केन्द्रको प्रत्येक कक्षमा आपतकालीन निकासी योजनाको नक्सा राखिनेछ र महिनामा कम्तीमा एक पटक बालमैत्री तरिकाले आपतकालीन अभ्यास गराइनेछ।

(३) केन्द्रमा आगो निभाउने उपकरण, प्राथमिक उपचार पेटी, आपतकालीन खाद्य तथा खानेपानीको भण्डार र आवश्यक सम्पर्क नम्बरको सूची सहज पहुँच हुने स्थानमा राखिनेछ।

(४) कुनै बालबालिका केन्द्रबाट हराए वा अनुमतिबिना बाहिरिएमा केन्द्र प्रमुखले तत्काल बाल कल्याण अधिकारी, नेपाल प्रहरी तथा खोजतलास सेवा १०४ लाई जानकारी गराई खोजी तथा उद्धारका लागि आवश्यक समन्वय गर्नेछ।

सचिव

२३. बालमैत्री उजुरी प्रणाली: (१) बालबालिकाले आवश्यकता अनुसार बाल हेरचाहकर्ता,बाल मनोविज्ञ, सामाजसेवी, बाल कल्याण अधिकारी, गोप्य सुझाव तथा उजुरी पेटिका वा बाल हेल्पलाइन १०९८ मार्फत गुनासो वा सुझाव दिन सक्ने व्यवस्था गरिनेछ।

(२) उजुरी पेटिका हप्तामा कम्तीमा एक पटक केन्द्र प्रमुख र बाल संरक्षण अधिकृतको संयुक्त उपस्थितिमा खोलिनेछ।

(३) कुनै कर्मचारीविरुद्ध उजुरी गर्नुपर्ने अवस्थामा समितिको संयोजक वा राष्ट्रिय बाल अधिकार परिषद्समक्ष सिधै उजुरी गर्न सकिने छ।

(४) प्रत्येक उजुरीको प्रारम्भिक प्रतिक्रिया अठ्चालीस घण्टाभित्र दिइनेछ र सामान्य उजुरीको टुङ्गो पन्ध्र दिनभित्र लगाइनेछ।

(५) गम्भीर संरक्षणसम्बन्धी उजुरी प्राप्त भएमा चौबीस घण्टाभित्र आवश्यक प्रारम्भिक कारबाही गरिनेछ।

(६) उजुरी वा गुनासो गरेको कारण कुनै बालबालिका वा कर्मचारीमाथि प्रतिशोध, दबाब वा खराब व्यवहार गर्न पाइने छैन।

२४. साझेदार निकाय तथा समझदारीपत्र: (१) मन्त्रालय, परिषद् र सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार सरकारी अस्पताल तथा स्वास्थ्य संस्था, संयुक्त राष्ट्रसङ्घीय निकाय, बाल संरक्षणसम्बन्धी कार्यसमूह, नेपाल रेडक्रस, कानूनबमोजिम स्वीकृत बाल संरक्षण संस्था, मनोसामाजिक तथा स्वास्थ्य सेवा प्रदायक तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य गर्न सक्नेछन्।

(२) कुनै संस्थाले केन्द्रमा सेवा प्रदान गर्नुअघि समितिसँग समझदारीपत्र गर्नुपर्नेछ।

(३) समझदारीपत्रमा साझेदार संस्थाको भूमिका, सेवा अवधि, जनशक्ति, बाल संरक्षणसम्बन्धी नीति तथा सूचना साझेदारीका शर्त स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(४) साझेदार संस्थाले आफ्नो संस्थागत बाल संरक्षण नीति केन्द्रसमक्ष पेस गर्नुपर्नेछ।

२५. सहयोग तथा सामग्री व्यवस्थापन: (१) केन्द्रलाई प्राप्त हुने सबै नगद तथा वस्तुगत सहयोग आधिकारिक अभिलेखमा समावेश गरी मात्र स्वीकार गरिनेछ।

(२) दाता वा कुनै संस्थाले आफूखुसी बालबालिका छनोट गरी प्रत्यक्ष आर्थिक सहयोग वा प्रायोजन गर्न पाउने छैन।

(३) राहत तथा सहयोग सामग्री बालबालिकाको आवश्यकता मूल्याङ्कनका आधारमा समान, मर्यादित तथा पारदर्शी रूपमा वितरण गरिनेछ।

(४) कुनै व्यक्ति वा संस्थाले बालबालिकाको नाम, तस्बिर वा व्यक्तिगत कथा प्रयोग गरी केन्द्रका लागि कोष सङ्कलन गर्न पाउने छैन।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

सचिव

(५) केन्द्रको सम्पूर्ण आर्थिक कारोबार प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनबमोजिम गरिनेछ।

(६) केन्द्रको मासिक आर्थिक विवरण समितिसमक्ष पेस गरिनेछ।

२६. प्रतिवेदन प्रणाली: (१) केन्द्रले देहायबमोजिम प्रतिवेदन तयार गरी सम्बन्धित निकायसमक्ष पेस गर्नेछ:-

(क) केन्द्र प्रमुखले केन्द्रको दैनिक अवस्था सम्बन्धी प्रतिवेदन प्रत्येक दिन तयार गरी, परिषद् तथा सम्बन्धित स्थानीय तहसमक्ष पेस गर्नेछ।

(ख) समाजसेवीले केन्द्रमा रहेका बालबालिकाको घटना व्यवस्थापनको प्रगति सम्बन्धी प्रतिवेदन प्रत्येक हप्ता तयार गरी केन्द्र प्रमुखसमक्ष पेस गर्नेछ।

(ग) चिकित्सक वा नर्सले बालबालिकाको स्वास्थ्य तथा पोषणसम्बन्धी प्रतिवेदन प्रत्येक हप्ता तयार गरी केन्द्र प्रमुखसमक्ष पेस गर्नेछ।

(घ) मनोविज्ञले बालबालिकाको मनोसामाजिक अवस्थासम्बन्धी प्रतिवेदन प्रत्येक हप्ता तयार गरी केन्द्र प्रमुखसमक्ष पेस गर्नेछ।

(ङ) केन्द्र प्रमुखले केन्द्रको समग्र प्रगति सम्बन्धी प्रतिवेदन प्रत्येक महिना तयार गरी समिति, मन्त्रालय तथा परिषद्समक्ष पेस गर्नेछ।

(च) लेखा वा प्रशासनसम्बन्धी जिम्मेवारी तोकिएको कर्मचारीले केन्द्रको आर्थिक प्रतिवेदन प्रत्येक महिना तयार गरी समितिसमक्ष पेस गर्नेछ।

(छ) सम्बन्धित कर्मचारीले कुनै सुरक्षा वा संरक्षणसम्बन्धी घटना भएको चौबीस घण्टाभित्र सो घटनाको प्रतिवेदन तयार गरी केन्द्र प्रमुख, समिति तथा परिषदसमक्ष पेस गर्नेछ।

(ज) केन्द्र प्रमुखले केन्द्र बन्द हुँदा समापन प्रतिवेदन तयार गरी मन्त्रालय, परिषद् तथा सम्बन्धित स्थानीय तहसमक्ष पेस गर्नेछ।

(२) कुनै पनि प्रतिवेदनमा बालबालिकाको पहिचान खुल्ने विवरण समावेश गरिने छैन।

२७. साप्ताहिक समीक्षा: केन्द्र सञ्चालन तथा समन्वय समितिले कम्तीमा प्रत्येक सात दिनमा केन्द्रमा रहेका बालबालिकाको संरक्षण, सेवा प्रवाह तथा घटना व्यवस्थापनको अवस्थाको समीक्षा गर्नुपर्नेछ। सो क्रममा देहायका विषयमा समीक्षा गर्नुपर्नेछ:-

(क) केन्द्रमा रहेका बालबालिकाको संख्या तथा अवस्था,

(ख) बालबालिकासँग सम्बन्धित घटनाको व्यवस्थापन तथा प्रगति,

(ग) बालबालिकाको परिवार खोजीको अवस्था,

(घ) पारिवारिक पुनर्मिलनको अवस्था,

(ङ) बालबालिकाको स्वास्थ्य तथा मनोसामाजिक अवस्थाको अवस्था,



सचिव

(च) बालबालिकालाई अन्य स्वीकृत सेवा वा संस्थामा हस्तान्तरण गरिएको अवस्था,

(छ) केन्द्रमा भएका सुरक्षा तथा संरक्षणसम्बन्धी घटना,

(ज) केन्द्रमा उपलब्ध जनशक्ति तथा थप आवश्यक जनशक्तिको अवस्था,

(झ) खाद्यान्न, औषधि तथा अन्य आवश्यक सामग्री र स्रोतसाधनको उपलब्धता,

(ञ) केन्द्रको सञ्चालन तथा बालबालिकाको संरक्षणका लागि आवश्यक थप निर्णय तथा सहयोगका विषय।

२८. आकस्मिक अनुगमनः (१) मन्त्रालय, परिषद्, सम्बन्धित स्थानीय बाल अधिकार समिति तथा बाल कल्याण अधिकारीले आवश्यकताअनुसार जुनसुकै समयमा केन्द्रको अनुगमन गर्न सक्नेछन्।

(२) अनुगमनका क्रममा बालबालिकासँग केन्द्रका कर्मचारीको अनुपस्थितिमा कम्तीमा दुई जना अनुगमनकर्ताको उपस्थितिमा स्वतन्त्र रूपमा कुराकानी गर्ने अवसर उपलब्ध गराउनुपर्नेछ।

(३) अनुगमनका क्रममा देखिएका कमी कमजोरी वा सुधार गर्नुपर्ने विषय उल्लेख गरी आवश्यक सुझाव तथा निर्देशन दिन सकिनेछ।

(४) अनुगमनबाट प्राप्त सुझाव तथा निर्देशन कार्यान्वयन गर्ने जिम्मेवारी केन्द्र प्रमुखको हुनेछ।

(५) केन्द्र प्रमुखले अनुगमनबाट प्राप्त सुझाव तथा निर्देशन कार्यान्वयनको प्रगति समितिको आगामी बैठकमा पेस गर्नुपर्नेछ।

## परिच्छेद-४

## घटना व्यवस्थापन प्रक्रिया

२९. घटना व्यवस्थापनका सिद्धान्तः केन्द्रमा बालबालिकासँग सम्बन्धित घटना व्यवस्थापन गर्दा देहायका सिद्धान्त अवलम्बन गर्नुपर्नेछः

(क) बालबालिकासम्बन्धी प्रत्येक निर्णय गर्दा निजको सर्वोत्तम हित, सुरक्षा, मर्यादा तथा दीर्घकालीन कल्याणलाई प्राथमिकता दिनुपर्नेछ।

(ख) बालबालिकाको सुरक्षा तथा सर्वोत्तम हितमा हुने भए बाबुआमा, नजिकका नातेदार वा परिवारमा आधारित हेरचाहलाई प्राथमिकता दिनुपर्नेछ र संस्थागत हेरचाहलाई अन्तिम विकल्पका रूपमा लिनुपर्नेछ।

(ग) केन्द्रमा बालबालिकालाई आवश्यकताभन्दा बढी समय राख्न पाइने छैन र निजको उपयुक्त दीर्घकालीन संरक्षणको व्यवस्था गर्नुपर्नेछ।

सचिव

(घ) बाबुआमाको मृत्यु आधिकारिक रूपमा पुष्टि नभएसम्म कुनै बालबालिकालाई "अनाथ" भनी अभिलेख, प्रचार वा सार्वजनिक परिचय गराउन पाइने छैन।

(ङ) केन्द्रको कुनै कार्य, अभिलेख वा प्रचारबाट बालबालिकालाई थप शारीरिक, मानसिक, सामाजिक वा सुरक्षा जोखिममा पार्न पाइने छैन।

(च) लिङ्ग, जातजाति, भाषा, धर्म, अपाङ्गता, उत्पत्ति, आर्थिक अवस्था वा अन्य कुनै आधारमा बालबालिकामाथि भेदभाव गर्न पाइने छैन।

(छ) बालबालिकाको उमेर, परिपक्वता तथा अवस्थाअनुसार निजको धारणा सुनी सम्बन्धित निर्णयमा उचित महत्व दिनुपर्नेछ।

(ज) बालबालिकाको पहिचान, व्यक्तिगत विवरण, स्वास्थ्य अवस्था, तस्बिर तथा पारिवारिक विवरण गोप्य राख्नुपर्नेछ।

(झ) बालबालिकाको सर्वोत्तम हितका लागि बाहेक एउटै परिवारका दाजुभाइ तथा दिदीबहिनीलाई अलग गर्न पाइने छैन।

(ञ) केन्द्र बालबालिका, परिवार तथा समुदायप्रति जवाफदेही हुनुपर्नेछ र बालबालिकाले सहज रूपमा उजुरी वा गुनासो गर्न सक्ने व्यवस्था गर्नुपर्नेछ।

३०. केन्द्रमा संरक्षण दिन सकिने बालबालिका: देहायका बालबालिकालाई आवश्यक कानूनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी केन्द्रमा अस्थायी संरक्षण दिन सकिनेछ:

(क) विपदका कारण बाबुआमा वा अभिभावकबाट बिछोडिएका बालबालिका;

(ख) विपदका कारण बाबुआमा, अभिभावक वा परिवार पत्ता नलागेका बालबालिका;

(ग) विपदका कारण अलपत्र वा बेवारिस अवस्थामा फेला परेका बालबालिका;

(घ) विपदका कारण बाबुआमा वा अभिभावकको मृत्यु वा बेपत्ताका कारण तत्काल संरक्षण आवश्यक भएका बालबालिका;

(ङ) विपद्का कारण घरपरिवारविहीन भएका बालबालिका;

(च) विपदका कारण घाइते भई उपचारपछि तत्काल सुरक्षित पारिवारिक हेरचाह उपलब्ध नभएका बालबालिका;

(छ) विपदका कारण बेचबिखन, ओसारपसार, हिंसा, दुर्व्यवहार वा शोषणको उच्च जोखिममा रहेका बालबालिका;

(ज) सम्बन्धित बाल कल्याण अधिकारी वा अधिकारप्राप्त निकायले विपदका कारण अस्थायी संरक्षण आवश्यक भनी सिफारिस गरेको बालबालिका।

नेपाल सरकार

सचिव

३१. बालबालिका केन्द्रमा ल्याउन सकिने माध्यमः (१) बालबालिकालाई देहायका निकाय वा माध्यमबाट केन्द्रमा ल्याउन सकिनेछः

(क) सम्बन्धित स्थानीय तह वा बाल कल्याण अधिकारी;

(ख) राष्ट्रिय बाल अधिकार परिषद्;

(ग) बालबालिका खोजतलास सेवा १०४;

(घ) बाल हेल्पलाइन १०९८;

(ङ) नेपाल प्रहरी;

(च) नेपाली सेना वा सशस्त्र प्रहरी बलबाट उद्धारपश्चात्;

(छ) अस्पताल वा स्वास्थ्य संस्था;

(ज) जिल्ला वा स्थानीय विपद् व्यवस्थापन समिति;

(झ) बालबालिका स्वयं उपस्थित भएमा।

(२) बालबालिका स्वयं वा कुनै नागरिकमार्फत केन्द्रमा आइपुगेमा निजलाई असुरक्षित अवस्थामा फर्काइने छैन।

(३) कागजातको अभाव, समय बिराएको वा केन्द्रको क्षमता नपुगेको कारण देखाई कुनै बालबालिकालाई संरक्षण लिन इन्कार गरिने छैन। त्यस्तो अवस्थामा बालबालिकालाई तत्काल सुरक्षित स्थानमा राखी सम्बन्धित बाल कल्याण अधिकारी, राष्ट्रिय बाल अधिकार परिषद्, खोजतलास सेवा १०४ वा नेपाल प्रहरीलाई जानकारी गराई आवश्यक प्रक्रिया अघि बढाइनेछ।

३२. प्रारम्भिक प्रवेश प्रक्रियाः (१) बालबालिका केन्द्रमा प्रवेश गरेपछि देहायबमोजिम प्रारम्भिक प्रवेश प्रक्रिया पूरा गरिनेछः

(क) पहिलो दुई घण्टाभित्र बालबालिकालाई बालमैत्री वातावरणमा स्वागत गरी निजले बुझ्ने भाषामा केन्द्रबारे जानकारी दिई सुरक्षित स्थान, पानी, उमेरअनुकूल खाना, आवश्यक कपडा, न्यानो ओढ्ने तथा सरसफाइ सामग्री उपलब्ध गराइनेछ।

(ख) चोटपटक वा आकस्मिक स्वास्थ्य समस्या भए दर्ता प्रक्रिया पूरा हुनुअघि नै आवश्यक उपचार वा स्वास्थ्य संस्थामा रेफर गरिनेछ।

(ग) समाजसेवी तोकी निजसँग परिचय गराइनेछ।

(घ) सँगै आएका दाजुभाइ तथा दिदीबहिनीलाई सर्वोत्तम हितविपरीत नहुने अवस्थासम्म अलग गरिने छैन।

(ङ) आगमनको समयमा विपद् वा आघातजन्य घटनाबारे विस्तृत सोधपुछ नगरी आवश्यक न्यूनतम सूचना मात्र लिइनेछ।

सचिव

(च) चौबीस घण्टाभित्र प्रत्येक बालबालिकालाई छुट्टै घटना पहिचान नम्बर प्रदान गरी अनुसूची– २ बमोजिमका विवरण अभिलेख गरिनेछ।

(छ) घटना पहिचान नम्बर "…. न.पा./………/२०८३…../क्रम संख्या….." ढाँचामा कायम गरिनेछ।

(ज) उमेर खुल्ने कागजात नभएमा स्वास्थ्यकर्मीको सहयोगमा अनुमानित उमेर अभिलेख गरिनेछ।

(झ) उमेरका सम्बन्धमा शङ्का भएमा निजलाई बालबालिका मानी संरक्षण प्रदान गरिनेछ।

(ञ) दर्ता विवरण राष्ट्रिय बाल अधिकार परिषद्को सूचना प्रणाली तथा खोजतलास सेवा १०४ को अभिलेखसँग सुरक्षित माध्यमबाट आबद्ध गरिनेछ।

(ट) प्रवेशको समयमा चोटपटक वा रोग, कुपोषण, अपाङ्गता, मानसिक तनाव वा आघात, यौन तथा लैङ्गिक हिंसा, बेचबिखन वा गैरकानुनी ओसारपसार, आत्महानि वा गम्भीर मानसिक संकट, शिशु तथा साना बालबालिकाको विशेष हेरचाह आवश्यकता तथा बालबालिकासँग आएको वयस्क व्यक्तिको वास्तविक सम्बन्धको द्रुत संरक्षण जाँचबुझ गरिनेछ।

(ठ) कुपोषणको अवस्था पहिचान गर्न तौल, उचाइ तथा पाखुराको परिधि नापी वर्गीकरण गरिनेछ।

३३. बालबालिकाको वर्गीकरणः (१) प्रारम्भिक जाँचबुझ पश्चात प्रत्येक बालबालिकालाई देहायबमोजिम वर्गीकरण गरी अभिलेख गरिनेछः

(क) साथविहीन बालबालिकाः कुनै वयस्कको संरक्षण वा साथमा नरहेको बालबालिका।

(ख) परिवारबाट बिछोडिएको बालबालिकाः नातेदार वा अन्य वयस्कको साथमा रहेको तर बाबुआमा वा अभिभावकबाट अलग भएको बालबालिका।

(ग) बाबुआमा गुमाएको बालबालिकाः बाबु र आमा दुवैको मृत्यु आधिकारिक रूपमा पुष्टि भएको बालबालिका।

(घ) पहिचान नखुलेको बालबालिकाः नाम, ठेगाना, परिवार वा उत्पत्ति स्थल तत्काल पहिचान गर्न नसकिएको बालबालिका।

(ङ) विशेष जोखिममा रहेको बालबालिकाः अपाङ्गता भएका, पाँच वर्षमुनिका शिशु, गर्भवती वा किशोरी आमा, हिंसापीडित, बेचबिखनको जोखिममा रहेका वा गम्भीर मानसिक संकटमा रहेका बालबालिका।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम वर्गीकृत बालबालिकालाई उच्च प्राथमिकतामा राखी विशेष हेरचाह तथा संरक्षण योजना तयार गरिनेछ।

(३) एउटै बालबालिका एकभन्दा बढी वर्गमा वर्गीकृत हुन सक्नेछ।

(४) उपदफा (१) को खण्ड (ग) बमोजिम वर्गीकरण गर्नुअघि दफा ४ को खण्ड (घ) बमोजिम बाबु र आमाको मृत्युको आधिकारिक पुष्टि भएको हुनुपर्नेछ।

सचिव

३४. तस्विर तथा पहिचानसम्बन्धी व्यवस्थाः (१) बालबालिकाको तस्विर सार्वजनिक प्रचार वा प्रकाशन तथा प्रसारणका लागि लिन पाइने छैन।

(२) परिवार खोजी वा आधिकारिक पहिचानका लागि आवश्यक तस्विर अधिकारप्राप्त कर्मचारीले मात्र लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लिइएको तस्विर सुरक्षित सरकारी वा स्वीकृत अभिलेख प्रणालीमा मात्र राखिनेछ।

(४) बालबालिकाको तस्विर सामाजिक सञ्जाल, व्यक्तिगत मोबाइल समूह, ह्वाट्सएप, मेसेन्जर वा अन्य अनधिकृत माध्यमबाट आदानप्रदान गर्न पाइने छैन।

(५) परिवार खोजीका लागि तस्विर प्रयोग गर्नुपरेमा केन्द्र प्रमुखको लिखित स्वीकृति र बालबालिकाको उमेरअनुकूल सहमति लिई सार्वजनिक प्रकाशन नगरी अधिकारप्राप्त सरकारी निकाय तथा मान्यताप्राप्त खोजतलास संयन्त्रको सीमित सञ्जालमा मात्र प्रवाह गर्न सकिनेछ।

(६) उपदफा (५) बमोजिम तस्विर प्रवाह गर्दा तस्विरसँग बालबालिकाको पूरा ठेगाना वा सम्पर्क विवरण राख्न पाइने छैन।

(७) कर्मचारी तथा आगन्तुकले बालबालिका रहने क्षेत्रमा व्यक्तिगत मोबाइल फोन वा क्यामेरा लैजान पाउने छैनन्।

३५. व्यक्तिगत घटना विवरणः_(१) प्रत्येक बालबालिकाका लागि छुट्टै गोपनीय व्यक्तिगत घटना विवरण तयार गरिनेछ।

(२) व्यक्तिगत घटना विवरणमा देहायका विवरण समावेश गरिनेछः

(क) प्रवेश तथा दर्ता विवरण;

(ख) प्रारम्भिक संरक्षण मूल्याङ्कन;

(ग) स्वास्थ्य विवरण;

(घ) मनोसामाजिक अवस्थाको विवरण;

(ङ) सर्वोत्तम हित मूल्याङ्कन;

(च) परिवार खोजीसम्बन्धी विवरण;

(छ) उपलब्ध सरकारी,विद्यालय वा स्वास्थ्यसम्बन्धी कागजात;

(ज) बालबालिकाको धारणा;

(झ) व्यक्तिगत हेरचाह तथा संरक्षण योजना;

(ञ) आवधिक घटना समीक्षा टिप्पणी;

(ट) गरिएको रेफरलको विवरण;

सचिव

(ठ) पारिवारिक पुनर्मिलन वा ह्यान्डओभर विवरण;

(ड) फलोअप योजना।

३६.घटना व्यवस्थापन प्रक्रिया तथा समयसीमा:_(१) प्रत्येक बालबालिकाको संरक्षण तथा पुनर्मिलनसम्बन्धी कार्यका लागि एक जना समाजसेवी जिम्मेवार तोकिनेछ।

(२) एक जना समाजसेवीले एकै समयमा बढीमा पच्चीस जना बालबालिकाको जिम्मेवारी वहन गर्नेछ।

(३) समाजसेवीले प्रत्येक बालबालिकासँग साप्ताहिक कम्तीमा दुई पटक व्यक्तिगत भेट गरी अवस्थाको अद्यावधिक अभिलेख राख्नेछ।

(४) केन्द्रले प्रत्येक सात दिनमा बालबालिकाको संरक्षण, परिवार खोजी, स्वास्थ्य, मनोसामाजिक अवस्था तथा पुनर्मिलनको प्रगति समीक्षा गर्नेछ।

(५) केन्द्रमा बालबालिकासम्बन्धी कार्य देहायबमोजिमको समयसीमाभित्र सम्पन्न गरिनेछ:

(क) तत्काल सुरक्षा तथा आधारभूत सहयोग आगमनको दुई घण्टाभित्र उपलब्ध गराइनेछ।

(ख) दर्ता तथा घटना पहिचान नम्बर चौबीस घण्टाभित्र प्रदान गरिनेछ।

(ग) प्रारम्भिक स्वास्थ्य तथा पोषण परीक्षण चौबीस घण्टाभित्र गरिनेछ।

(घ) परिवार खोजीको प्रक्रिया अठ्चालीस घण्टाभित्र प्रारम्भ गरिनेछ।

(ङ) मनोवैज्ञानिक प्राथमिक सहयोग अठ्चालीस घण्टाभित्र उपलब्ध गराइनेछ।

(च) बालबालिकाको सर्वोत्तम हित मूल्याङ्कन बहत्तर घण्टाभित्र गरिनेछ।

(छ) प्रत्येक घटनाको प्रगति समीक्षा प्रत्येक सात दिनमा गरिनेछ।

(ज) कुनै बालबालिका तीस दिनभन्दा बढी केन्द्रमा रहेमा विशेष संरक्षण तथा पुनर्मिलन योजना पुनरावलोकन गरिनेछ।

३७. सर्वोत्तम हित मूल्याङ्कन तथा निर्धारण:_(१) प्रत्येक बालबालिकाको सर्वोत्तम हित मूल्याङ्कन आगमन भएको बहत्तर घण्टाभित्र अनुसूची– ४ बमोजिम गरिनेछ।

(२) सर्वोत्तम हित मूल्याङ्कन गर्दा बालबालिकाको धारणा, पारिवारिक सम्बन्ध, सुरक्षा, स्वास्थ्य, मनोसामाजिक अवस्था, शिक्षा, विशेष आवश्यकता र उपलब्ध हेरचाहका विकल्पको मूल्याङ्कन गरिनेछ।

(३) देहायको अवस्था भएमा बहुविज्ञ समूहबाट सर्वोत्तम हित निर्धारण गरिनेछ:

(क) बाबु र आमा दुवैको मृत्यु भएको र नातेदार पहिचान नभएको;

(ख) परिवारबाटै हिंसा, दुर्व्यवहार वा उपेक्षाको जोखिम भएको;

(ग) दाजुभाइ वा दिदीबहिनीलाई अलग गर्नुपर्ने भएको;

(घ) दीर्घकालीन वैकल्पिक हेरचाह आवश्यक भएको;

(ङ) बालबालिकामाथि एकभन्दा बढी व्यक्तिले दाबी गरेको।

सचिव

(४) बहुविज्ञ समूहमा केन्द्र प्रमुखको संयोजकत्वमा बाल संरक्षण तथा घटना व्यवस्थापन अधिकृत, मनोविज्ञ, स्वास्थ्यकर्मी, बाल कल्याण अधिकारी र परिषद्को प्रतिनिधि रहनेछन्।

(५) सर्वोत्तम हित निर्धारणको आधार र निर्णय लिखित रूपमा अभिलेख गरिनेछ।

३८. परिवार खोजीः (१) बालबालिका केन्द्रमा प्रवेश गरेको अठ्चालीस घण्टाभित्र परिवार खोजी प्रारम्भ गरिनेछ।

(२) परिवार खोजी गर्दा बालबालिकाबाट प्राप्त सूचना, खोजतलास सेवा १०४, बाल हेल्पलाइन १०९८, नेपाल प्रहरी, स्थानीय तह, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, जिल्ला प्रशासन कार्यालय, विपद् व्यवस्थापन निकाय, परिषद्को अभिलेख तथा अधिकारप्राप्त अन्य निकायसँग समन्वय गरिनेछ।

(३) परिवार खोजीका लागि बालबालिकाको व्यक्तिगत विवरण सार्वजनिक सामाजिक सञ्जालमा प्रकाशन गरिने छैन।

(४) परिवार खोजीको प्रगति प्रत्येक सात दिनमा घटना विवरणमा अद्यावधिक गरिनेछ र बालबालिका अन्य सेवामा हस्तान्तरण भए पनि परिवार खोजी जारी राखिनेछ।

३९. बाबुआमा वा नातेदारले दाबी गरेमाः (१) कुनै व्यक्तिले बालबालिकालाई आफ्नो छोरा, छोरी वा नातेदार भनी दाबी गरेमा सम्बन्ध पुष्टि र सुरक्षा मूल्याङ्कन नगरी जिम्मा दिइने छैन।

(२) सम्बन्ध पुष्टि गर्दा परिचयपत्र, जन्मदर्ता, पारिवारिक कागजात, स्थानीय तहको पुष्टि, विद्यालय वा स्वास्थ्य संस्थाको अभिलेख तथा बालबालिकाको स्वतन्त्र भनाइलाई आधार लिइनेछ।

(३) आवश्यक भएमा सम्बन्धित समुदायका स्वतन्त्र व्यक्तिबाट समेत सम्बन्ध पुष्टि गर्न सकिनेछ।

(४) विपद्का कारण कागजात उपलब्ध नभएमा अधिकारप्राप्त निकायले अन्य विश्वसनीय प्रमाणका आधारमा सम्बन्ध पुष्टि गर्न सक्नेछ।

(५) गम्भीर शङ्का रहेको अवस्थामा बालबालिका तथा दाबीकर्ताको सहमतिमा अन्तिम विकल्पका रूपमा प्रचलित कानूनबमोजिम डी.एन.ए. परीक्षण गराउन सकिनेछ।

(५) सम्बन्ध पुष्टि तथा दाबी परीक्षणको सम्पूर्ण प्रक्रिया अनुसूची– ६ बमोजिम घटना विवरणमा अभिलेख गरिनेछ।

४०. हेरचाहको प्राथमिकताः (१) बालबालिकाको सर्वोत्तम हित, सुरक्षा र हेरचाहको आवश्यकता हेरी ऐनको दफा ४९ बमोजिम बैकल्पिक हेरचाहको क्रमअनुसार हेरचाहको व्यवस्था गरिनेछ ।

(२) परिवार वा समुदायमा आधारित हेरचाहको विकल्प खोजी गरिएको विवरण अभिलेख गरिनेछ।

४१. पारिवारिक पुनर्मिलनपूर्वको प्रक्रियाः (१) पारिवारिक पुनर्मिलनअघि सम्बन्ध, पारिवारिक वातावरण, बालबालिकाको धारणा, सुरक्षा जोखिम, परिवारको हेरचाह क्षमता तथा स्वास्थ्य र शिक्षामा पहुँचको मूल्याङ्कन गरिनेछ।

(२) पुनर्मिलनका लागि सम्बन्धित बाल कल्याण अधिकारीको सिफारिस वा निर्णय प्राप्त गरिनेछ।

सचिव

(३) पुनर्मिलन गर्दा हस्तान्तरण फाराम तयार गरी सम्बन्धित पक्षको हस्ताक्षर गराइनेछ।

(४) आर्थिक कठिनाइलाई मात्र आधार मानी सुरक्षित पारिवारिक पुनर्मिलन रोक्न पाइने छैन र आवश्यक सहयोगका लागि सम्बन्धित स्थानीय तह तथा सामाजिक सुरक्षा कार्यक्रमसँग समन्वय गरिनेछ।

४२. पुनर्मिलन तथा हस्तान्तरणको अधिकारः (१) बालबालिकालाई परिवार, नातेदार, व्यक्ति वा संस्थाको जिम्मा लगाउने निर्णय सम्बन्धित अधिकारप्राप्त निकायको औपचारिक स्वीकृतिबाट मात्र हुनेछ।

(२) केन्द्र प्रमुखले घटना विवरण, सर्वोत्तम हित मूल्याङ्कन र सम्बन्ध प्रमाणीकरणका आधारमा हस्तान्तरणको प्रस्ताव पेस गर्नेछ।

(३) केन्द्रका कर्मचारी, स्वयंसेवक, साझेदार संस्था, सुरक्षाकर्मी वा आगन्तुकले स्वेच्छाले बालबालिका हस्तान्तरण गर्न पाउने छैनन्।

(४) हस्तान्तरणको निर्णय र विवरण अनुसूची– ७ बमोजिम अभिलेख गरिनेछ।

४३. अन्य संस्थामा हस्तान्तरणः (१) बालबालिकालाई अन्य बाल हेरचाह संस्था वा संरक्षण सेवामा पठाउँदा प्रचलित कानून तथा परिषद्को निर्देशनबमोजिम प्रक्रिया पूरा गरिनेछ।

(२) सम्बन्धित निकायको निर्णय, बाल कल्याण अधिकारीको सिफारिस, आवश्यक स्वीकृति र संस्थाको वैधानिकता पुष्टि नगरी बालबालिका हस्तान्तरण गरिने छैन।

(३) हस्तान्तरण गरिने संस्था परिषदबाट अनुमतिप्राप्त तथा प्रचलित मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

(४) हस्तान्तरणअघि संस्थाको भौतिक अवस्था र सेवा क्षमता परीक्षण गरिनेछ।

(५) दाजुभाइ तथा दिदीबहिनी भए उनीहरूलाई सँगै हस्तान्तरण गरिनेछ र बालबालिकालाई आवश्यक मनोसामाजिक तयारी गराइनेछ।

४४. निषेधित कार्यः (१) विपद्को अवस्थामा बालबालिकालाई देहायबमोजिम गर्न वा गराउन पाइने छैनः

(क) निजी व्यक्तिले आफ्नो जिम्मामा लैजान;

(ख) दाताले व्यक्तिगत संरक्षण वा प्रायोजनमा लिन;

(ग) अनुमतिप्राप्त नभएको संस्थामा राख्न;

(घ) कानूनविपरीत अन्य जिल्ला, प्रदेश वा विदेश लैजान;

(ङ) धर्मपुत्र वा धर्मपुत्री ग्रहणका लागि प्रक्रिया अघि बढाउन वा सहजीकरण गर्न;

(च) प्रचार, राजनीतिक गतिविधि वा आर्थिक सहयोग सङ्कलनमा प्रयोग गर्न;

(छ) श्रम वा घरेलु काममा लगाउन।

(२) परिवार खोजी र सम्बन्धित निकायको औपचारिक निर्णय नभएसम्म धर्मपुत्र वा धर्मपुत्री ग्रहणसम्बन्धी प्रक्रिया अघि बढाउन पाइने छैन।

सचिव

४५. बाल संरक्षण मापदण्ड तथा आचारसंहिता लागू गर्नुपर्ने: (१) केन्द्रले ऐनको दफा ५७ बमोजिम निर्धारित बाल संरक्षण मापदण्ड लागू गर्नुपर्नेछ।

(२) केन्द्रले उक्त मापदण्डको अधीनमा रही कर्मचारी, स्वयंसेवक तथा केन्द्रमा कार्यरत अन्य व्यक्तिका लागि बाल सुरक्षा आचारसंहिता तयार गरी लागू गर्नुपर्नेछ।

(३) केन्द्रमा कार्यरत प्रत्येक कर्मचारी, स्वयंसेवक तथा अन्य सम्बन्धित व्यक्तिले कार्य प्रारम्भ गर्नुअघि आचारसंहिता पढी बुझी हस्ताक्षर गर्नुपर्नेछ।

(४) आचारसंहिता तथा बाल संरक्षण मापदण्डको उल्लङ्घन गर्ने व्यक्तिमाथि प्रचलित कानूनबमोजिम कारबाही गरिनेछ।

४६. बालबालिकामाथि गर्न नहुने कार्य: (१) केन्द्रमा कार्यरत कुनै कर्मचारी, स्वयंसेवक वा अन्य व्यक्तिले बालबालिकालाई हिर्काउन, गाली गर्न, अपमान गर्न, डर देखाउन वा शारीरिक तथा मानसिक दण्ड दिन पाइने छैन।

(२) बालबालिकालाई खाना, निद्रा, खेल, शिक्षा, स्वास्थ्य वा मनोसामाजिक सेवाबाट वञ्चित गरिने छैन।

(३) बालबालिकामाथि अनुचित शारीरिक सम्पर्क, यौनजन्य व्यवहार, टिप्पणी वा सङ्केत गर्न पाइने छैन।

(४) बालबालिकालाई व्यक्तिगत वा घरायसी काममा लगाउन, व्यक्तिगत नगद वा उपहार दिन वा केन्द्रबाहिर लैजान पाइने छैन।

(५) बालबालिकासँग व्यक्तिगत मोबाइल, सामाजिक सञ्जाल वा अन्य माध्यमबाट अनधिकृत निजी सम्बन्ध कायम गर्न पाइने छैन।

(६) जात, लिङ्ग, भाषा, धर्म, अपाङ्गता, उत्पत्ति, आर्थिक अवस्था वा अन्य कुनै आधारमा बालबालिकामाथि भेदभाव गर्न पाइने छैन।

(७) केन्द्रमा कार्यरत अवस्थामा कर्मचारीले मादक पदार्थ गर्न पाइने छैन।

४७. यौन शोषण तथा दुर्व्यवहार विरुद्धको व्यवस्था: (१) केन्द्रमा बालबालिकामाथि हुने यौन शोषण तथा दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति लागू गरिनेछ।

(२) सेवा, राहत, सहयोग वा सुविधाको बदलामा कुनै लाभ, सुविधा वा अनुचित व्यवहार माग्न वा लिन पाइने छैन।

(३) केन्द्र प्रमुखले कम्तीमा एक जना महिला कर्मचारी रहने गरी यौन शोषण तथा दुर्व्यवहारसम्बन्धी उजुरी सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(४) सम्पर्क व्यक्तिको नाम र सम्पर्क विवरण बालबालिकाले बुझ्ने भाषामा केन्द्रमा देखिने गरी राखुपर्नेछ।

४८. बाल सुरक्षा जोखिम वा दुर्व्यवहार भएमा: (१) बालबालिकामाथि हिंसा, दुर्व्यवहार, यौन शोषण, बेचबिखन वा अन्य अपराध भएको वा हुनसक्ने जानकारी प्राप्त भएमा तत्काल निजको सुरक्षा सुनिश्चित गर्नुपर्नेछ।

(२) त्यस्तो घटनाको जानकारी केन्द्र प्रमुख र बाल कल्याण अधिकारीलाई तत्काल दिनुपर्नेछ।

सचिव

(३) आवश्यकताअनुसार नेपाल प्रहरी तथा सम्बन्धित अधिकारप्राप्त निकायलाई तत्काल जानकारी दिनुपर्नेछ।

(४) घटनासँग सम्बन्धित प्रमाण सुरक्षित राखी बालबालिकालाई पटकपटक बयान दिन बाध्य पारिने छैन।

(५) आवश्यक स्वास्थ्य तथा मनोसामाजिक सेवा उपलब्ध गराउनुपर्नेछ।

४९. घटना विवरण पेस गर्नुपर्ने: (१) बालबालिका हराएको, अनुमतिबिना केन्द्रबाट बाहिरिएको, हिंसा वा दुर्व्यवहार भएको, गम्भीर दुर्घटना वा चोटपटक लागेको, मृत्यु भएको, सरुवा रोग फैलिएको, आगलागी, भूकम्प, बाढी वा अन्य सुरक्षा घटना भएको तथा आचारसंहिता उल्लङ्घन भएको अवस्थामा घटना विवरण तयार गर्नुपर्नेछ।

(२) घटना भएको वा जानकारी प्राप्त भएको तत्काल मौखिक जानकारी दिई चौबीस घण्टाभित्र लिखित घटना विवरण केन्द्र प्रमुखसमक्ष पेस गर्नुपर्नेछ।

(३) केन्द्र प्रमुखले घटना विवरण प्राप्त भएको चौबीस घण्टाभित्र समिति, सम्बन्धित स्थानीय तह, परिषद् तथा मन्त्रालयलाई जानकारी गराउनुपर्नेछ।

(४) घटना विवरणमा बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नुपर्नेछ।

(५) घटना विवरण पेस गर्नु सम्बन्धित कर्मचारी, स्वयंसेवक तथा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

४७. घटना अनुगमन तथा समीक्षा: (१) केन्द्रमा बालबालिकासँग सम्बन्धित घटना भएमा समाजसेवीले घटनाको अवस्था, बालबालिकाको सुरक्षा तथा गरिएको संरक्षण कार्यको नियमित अनुगमन गर्नेछ।

(२) गम्भीर वा संवेदनशील घटना भएमा केन्द्र प्रमुखले समाजसेवी, बाल मनोविज्ञ तथा सम्बन्धित अधिकारीको सहभागितामा घटनाको समीक्षा गराउनेछ।

(३) घटनाको कारण, प्रभाव, गरिएको कार्य तथा पुनः घटना रोक्न आवश्यक उपायको समीक्षा गरी घटना विवरणमा अभिलेख गरिनेछ।

(४) समीक्षाबाट आवश्यक देखिएको थप संरक्षण, स्वास्थ्य, मनोसामाजिक वा कानुनी सेवा तत्काल उपलब्ध गराइनेछ।

(५) घटनाको अनुगमन तथा समीक्षाबाट देखिएका सुधारात्मक कार्य सम्बन्धित जिम्मेवार व्यक्तिले कार्यान्वयन गर्नेछ।

४८. घटना समापन: (१) केन्द्र सञ्चालनमा रहेको अवस्थामा आवश्यक संरक्षण, उपचार, पुनर्स्थापना तथा अन्य सेवा पूरा भई घटना समापन गर्नुपर्ने देखिएमा समाजसेवी तथा बाल मनोविज्ञको रायका आधारमा स्थानीय बाल कल्याण अधिकारीले घटना समापन गर्नेछ।

(२) घटना समापन गर्नुअघि बालबालिकाको सुरक्षा, संरक्षणको अवस्था, उपलब्ध सेवा तथा आवश्यक फलोअपको अवस्था एकिन गरिनेछ।

(३) बालबालिकाको सुरक्षा वा संरक्षणसम्बन्धी कार्य बाँकी रहेको अवस्थामा घटना समापन गरिने छैन।

सचिव

(४) घटना समापनसम्बन्धी निर्णय, त्यसको आधार, समाजसेवी तथा बाल मनोविज्ञको राय र आवश्यक फलोअपको विवरण घटना विवरणमा अभिलेख गरिनेछ।

(५) घटना समापनपछि आवश्यक देखिएमा सम्बन्धित स्थानीय तह वा अधिकारप्राप्त निकायबाट फलोअपको व्यवस्था गरिनेछ।

## परिच्छेद-५
## विविध

४९. प्रवेश तथा भेटघाट व्यवस्था: (१) केन्द्रमा अनधिकृत व्यक्तिको प्रवेश निषेध गरी प्रवेश तथा भेटघाट नियन्त्रित रूपमा सञ्चालन गर्नुपर्नेछ।

(२) आगन्तुकले आफ्नो परिचय तथा भ्रमणको प्रयोजन खुलाई तोकिएको अभिलेखमा प्रवेश र बाहिरिएको समयसमेत उल्लेख गर्नुपर्नेछ।

(३) बालबालिकासँग भेटघाट गर्न आउने व्यक्तिको परिचय, सम्बन्ध र भेटघाटको अधिकार एकिन भएपछि मात्र भेटघाट गर्न दिनुपर्नेछ।

(४) आगन्तुक, स्वयंसेवक वा साझेदार संस्थाका प्रतिनिधिले बालबालिकासँग एक्लै वा निगरानीबिना सम्पर्क गर्न पाउने छैनन्।

(५) भेटघाटबाट बालबालिकाको सुरक्षा, गोपनीयता, आराम तथा नियमित सेवामा असर पर्न दिनु हुँदैन।

५०. स्वयंसेवक व्यवस्थापन: (१) केन्द्रमा स्वयंसेवक परिचालन गर्दा निजको उमेर, पूर्ववृत्त तथा बाल सुरक्षा आचारसंहिताको पालना एकिन गर्नुपर्नेछ।

(२) स्वयंसेवकलाई बालबालिकाको प्रत्यक्ष हेरचाह वा परामर्शको एकल जिम्मेवारी दिन पाइने छैन।

(३) बालबालिकामा पर्ने मनोसामाजिक प्रभावलाई ध्यानमा राखी क्षणिक भ्रमणमा आधारित स्वयंसेवा सञ्चालन गर्न पाइने छैन।

५१. सुरक्षा तथा आपतकालीन व्यवस्था: (१) केन्द्रमा चौबीसै घण्टा सुरक्षा व्यवस्था कायम गर्नुपर्नेछ।

(२) सुरक्षा प्रयोजनका लागि सीसीटीभी प्रयोग गर्दा बालबालिकाको गोपनीयता कायम हुने गरी साझा प्रवेशद्वार तथा आवश्यक सार्वजनिक क्षेत्रमा मात्र राख्न सकिनेछ।

(३) शयनकक्ष, शौचालय, स्नानघर, स्वास्थ्य परीक्षण कक्ष तथा परामर्श कक्षमा सीसीटीभी राख्न पाइने छैन।

(४) आगलागी, भूकम्प, बाढी, पहिरो, सरुवा रोग, आकस्मिक स्वास्थ्य संकट, बाह्य सुरक्षा खतरा तथा बालबालिका हराएको अवस्थाका लागि लिखित आपतकालीन कार्ययोजना तयार गरी नियमित अभ्यास गर्नुपर्नेछ।

(५) बालबालिका केन्द्रबाट हराए वा अनुमतिबिना बाहिरिएमा केन्द्र प्रमुखले सम्बन्धित बाल कल्याण अधिकारी, नेपाल प्रहरी तथा बालबालिका खोजतलास सेवा १०४ लाई तत्काल जानकारी गराउनुपर्नेछ।

सचिव

५२. उजुरी तथा सुझाव व्यवस्थाः (१) बालबालिकाले बाल हेरचाहकर्ता, मनोसामाजिक परामर्शदाता, समाजसेवी, बाल कल्याण अधिकारी, गोप्य उजुरी पेटिका वा बाल हेल्पलाइन १०९८ मार्फत उजुरी वा सुझाव दिन सक्ने व्यवस्था गर्नुपर्नेछ।

(२) उजुरी पेटिका कम्तीमा सातामा एक पटक केन्द्र प्रमुख र सम्बन्धित संरक्षण अधिकृतको उपस्थितिमा खोल्नुपर्नेछ।

(३) कर्मचारीविरुद्ध उजुरी गर्नुपर्ने अवस्थामा समितिको संयोजक वा राष्ट्रिय बाल अधिकार परिषद्समक्ष प्रत्यक्ष उजुरी दिन सकिने व्यवस्था गर्नुपर्नेछ।

(४) गम्भीर संरक्षणसम्बन्धी उजुरीमा चौबीस घण्टाभित्र आवश्यक कारवाही प्रारम्भ गरी अन्य उजुरीमा अठ्चालीस घण्टाभित्र प्रारम्भिक प्रतिक्रिया दिनुपर्नेछ।

(५) उजुरी वा सुझाव दिएको कारण कुनै बालबालिका वा कर्मचारीमाथि प्रतिशोध, दबाब वा दुर्व्यवहार गर्न पाइने छैन।

५३. केन्द्र विस्तार तथा बन्द गर्नेः (१) विपद्को अवस्था र आवश्यकता अनुसार परिषदले मन्त्रालय तथा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी अन्य प्रभावित स्थानमा केन्द्र सञ्चालन गर्न सक्नेछ।

(२) एकभन्दा बढी केन्द्र सञ्चालनमा भएमा परिषदले आवश्यकताअनुसार तिनको समन्वय तथा एकीकृत अभिलेख व्यवस्थापन गर्न सक्नेछ।

(३) केन्द्र बन्द गर्नुपर्ने भएमा सञ्चालन तथा समन्वय समितिको सिफारिसमा परषदले निर्णय गर्नेछ।

(४) केन्द्र बन्द गर्दा सबै बालबालिकाको सुरक्षित पुनर्मिलन वा वैधानिक हस्तान्तरण, आवश्यक फलोअपको जिम्मेवारी हस्तान्तरण, अभिलेखको सुरक्षित व्यवस्थापन तथा आर्थिक र भौतिक स्रोतको हिसाब मिलान भएको सुनिश्चित गर्नुपर्नेछ।

(५) केन्द्र बन्द हुने विषयमा बालबालिकालाई उमेरअनुकूल जानकारी दिई आवश्यक मनोसामाजिक तयारी गर्नुपर्नेछ।

५४. व्याख्या तथा संशोधनः (१) यस निर्देशिकाको व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

(२) मन्त्रालयले आवश्यकता अनुसार यस निर्देशिकामा संशोधन वा परिमार्जन गरी थप स्पष्ट गर्न सक्नेछ।

सचिव

# अनुसूची

## अनुसूची–१ : बालबालिका केन्द्रमा आएपछि अपनाइने कार्यप्रवाह

(*दफा १० सँग सम्बन्धित*)

| चरण | कार्य | समयसीमा |
|---|---|---|
| १ | उद्धार वा केन्द्रमा भर्ना प्रकृया | — |
| २ | तत्काल सुरक्षा तथा आधारभूत सहयोग | दुई घण्टाभित्र |
| ३ | दर्ता तथा घटना पहिचान नम्बर प्रदान | चौबीस घण्टाभित्र |
| ४ | स्वास्थ्य, पोषण तथा द्रुत संरक्षण स्क्रिनिङ | चौबीस घण्टाभित्र |
| ५ | बाल कल्याण अधिकारी, परिषद् तथा खोजतलास सेवा १०४ लाई जानकारी | चौबीस घण्टाभित्र |
| ६ | परिवार खोजी प्रारम्भ | अठ्चालीस घण्टाभित्र |
| ७ | विस्तृत आवश्यकता मूल्याङ्कन तथा सर्वोत्तम हित मूल्याङ्कन | बहत्तर घण्टाभित्र |
| ८ | व्यक्तिगत संरक्षण तथा हेरचाह योजना तयारी | बहत्तर घण्टाभित्र |
| ९ | आवधिक घटना समीक्षा | प्रत्येक सात दिनमा |
| १० | सम्बन्ध प्रमाणीकरण तथा घर मूल्याङ्कन | दाबी प्राप्त भएपछि |
| ११ | अधिकारप्राप्त निकायबाट निर्णय | प्रमाणीकरण सम्पन्न भएपछि |
| १२ | सुरक्षित पुनर्मिलन वा वैकल्पिक हेरचाहमा ह्यान्डओभर | निर्णयपश्चात् |
| १३ | फलोअप | १, ३, ६ र १२ महिनामा |

सचिव

## अनुसूची–२ : प्रारम्भिक दर्ता फाराम

*(दफा १० सँग सम्बन्धित)*

घटना पहिचान नम्बर: .....न.पा./......../२०८३....../........... दर्ता मिति: ........... समय: ...........

| क.सं. | विवरण | जानकारी |
|---|---|---|
| १ | बालबालिकाको नाम (भनेअनुसार) | |
| २ | नाम थाहा नभए अस्थायी पहिचान विवरण | |
| ३ | अनुमानित उमेर वा जन्ममिति | |
| ४ | लिङ्ग | |
| ५ | बोल्ने भाषा | |
| ६ | स्थायी वा सम्भावित ठेगाना (जिल्ला/पालिका/वडा/टोल) | |
| ७ | फेला परेको स्थान | |
| ८ | फेला परेको मिति तथा समय | |
| ९ | उद्धार वा हस्तान्तरण गर्ने व्यक्ति वा निकाय (नाम, पद, सम्पर्क) | |
| १० | बाबुको नाम | |
| ११ | आमाको नाम | |
| १२ | परिवारका अन्य सदस्यको जानकारी र हालको अवस्था | |
| १३ | साथमा रहेका दाजुभाइ तथा दिदीबहिनी (घटना पहिचान नम्बरसहित) | |
| १४ | बिछोडिएको मिति, स्थान र अवस्था | |
| १५ | उपलब्ध कागजात | |

सचिव

| क्र.सं. | विवरण | जानकारी |
|---|---|---|
| १६ | चिनिने विशेषता | |
| १७ | स्वास्थ्य अवस्था | |
| १८ | नियमित औषधि | |
| १९ | अपाङ्गता वा विशेष आवश्यकता | |
| २० | तत्काल संरक्षणसम्बन्धी जोखिम | |
| २१ | बालबालिकाले दिएको परिवारसम्बन्धी जानकारी | |
| २२ | वर्गीकरण (क/ख/ग/घ/ङ) | |
| २३ | पहिचान प्रयोजनको तस्बिर लिइएको/नलिइएको | |
| २४ | जिम्मेवार घटना वर्करको नाम | |

दर्ता गर्ने अधिकृतको नाम र हस्ताक्षरः ........................................ मितिः ....................

सचिव

## अनुसूची–३ : प्रारम्भिक स्वास्थ्य तथा पोषण स्क्रिनिङ फाराम

*(दफा १३ सँग सम्बन्धित)*

घटना पहिचान नम्बर: .......................... मिति: ...................

| परीक्षण | नतिजा |
|---|---|
| तौल (के.जी.) | |
| उचाइ वा लम्बाइ (से.मी.) | |
| पाखुराको परिधि (मि.मी.) | |
| पोषण अवस्था (सामान्य / मध्यम कुपोषण / गम्भीर कुपोषण) | |
| तापक्रम | |
| श्वासप्रश्वास तथा नाडीको गति | |
| झाडापखाला (छ / छैन) | |
| खोकी वा श्वासप्रश्वास सङ्क्रमण (छ / छैन) | |
| छालाको समस्या (छ / छैन) | |
| चोटपटक (स्थान र प्रकार) | |
| खोपको अवस्था (पूर्ण / आंशिक / थाहा छैन) | |
| दीर्घरोग तथा नियमित औषधि | |
| अपाङ्गताको प्रकार | |
| हिंसा वा दुर्व्यवहारको शारीरिक सङ्केत (छ / छैन) | |
| मानसिक अवस्थाको प्रारम्भिक अवलोकन | |
| किशोरी भए महिनावारी वा गर्भावस्थाको अवस्था | |
| तत्काल गरिएको उपचार | |
| रेफरल गरिएको संस्था र समय | |

सचिव

परीक्षण गर्ने स्वास्थ्यकर्मीको नाम र हस्ताक्षर: ............................................

## अनुसूची-४ : सर्वोत्तम हित मूल्याङ्कन फाराम

*(दफा २२ सँग सम्बन्धित— बहत्तर घण्टाभित्र*

घटना पहिचान नम्बर: ........................ मूल्याङ्कन मिति: ..................

१. बालबालिकाको आफ्नै विचार (के चाहन्छन्, कोसँग बस्न चाहन्छन्, कुनै डर वा चिन्ता):

..........................................................................................................

२. पारिवारिक तथा सामाजिक सम्बन्ध:

..........................................................................................................

३. सुरक्षा तथा संरक्षणको अवस्था (हिंसा, बेचबिखन, बालश्रम, बालविवाहको जोखिम):

..........................................................................................................

४. स्वास्थ्य तथा मनोसामाजिक अवस्था:

..........................................................................................................

५. शिक्षाको अवस्था र आवश्यकता:

..........................................................................................................

६. विशेष आवश्यकता (अपाङ्गता, भाषा, दीर्घरोग, दाजुभाइ वा दिदीबहिनीसँग रहनुपर्ने):

..........................................................................................................

७. हेरचाह विकल्पको तुलनात्मक विश्लेषण:

| विकल्प | सम्भाव्यता | लाभ | जोखिम |
|---|---|---|---|
| बाबुआमासँग पुनर्मिलन | | | |
| नातेदार हेरचाह | | | |
| पालनपोषण हेरचाह | | | |
| अनुमतिप्राप्त बाल हेरचाह संस्था | | | |

८. सिफारिस: ..........................................................................................

सचिव

९. सर्वोत्तम हित निर्धारण प्रक्रिया आवश्यक छ/छैन (आवश्यक भए कारण): ..............................

मूल्याङ्कनकर्ता (घटना वर्कर): ............... पुनरावलोकन (बाल संरक्षण अधिकृत): ...............

स्क्रिनिङ सेन्टर प्रमुखको राय र हस्ताक्षर: ..............................

## अनुसूची-५ : दैनिक बाल स्वास्थ्य तथा समग्र अवस्था अवलोकन जाँचसूची

*(दफा १३ सँग सम्बन्धित)*

मिति: ............... सिफ्ट: ............... अवलोकनकर्ता: ...............

प्रत्येक बालबालिकाका लागि देहायका विषय अवलोकन गरी अभिलेख गर्ने—

(क) ज्वरो वा अन्य स्वास्थ्य समस्या, (ख) चोटपटक, (ग) खाना सेवनको अवस्था, (घ) पानी सेवन, (ङ) निद्रा, (च) व्यक्तिगत सरसफाइ, (छ) भावनात्मक अवस्था, (ज) अत्यधिक डर वा तनाव, (झ) व्यवहारमा असामान्य परिवर्तन, (ञ) साथीहरूसँगको सम्बन्ध, (ट) खेल तथा सिकाइमा सहभागिता, (ठ) कुनै सुरक्षा वा दुर्व्यवहारसम्बन्धी चिन्ता, (ड) स्वास्थ्य सेवामा रेफरल आवश्यक/अनावश्यक, (ढ) काउन्सेलिङ आवश्यक/अनावश्यक।

| क्र.सं. | घटना नम्बर पहिचान | तापक्रम | स्वास्थ्य अवस्था | भावनात्मक अवस्था | औषधि दिइएको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

विशेष ध्यान दिनुपर्ने बालबालिका र कारण: ..............................

अनुसूची-६ : परिवार प्रमाणीकरण तथा पुनर्मिलन जाँचसूची

*(दफा २४ सँग सम्बन्धित)*

घटना पहिचान नम्बरः ........................ मितिः ....................

| क्र.सं. | जाँचको विषय | भयो/भएन | कैफियत |
|---|---|---|---|
| १ | दावी गर्ने व्यक्तिको परिचय पुष्टि | | |
| २ | बालबालिकासँगको सम्बन्ध पुष्टि | | |
| ३ | स्थानीय तह वा वडा कार्यालयबाट पुष्टि | | |
| ४ | बालबालिकाले व्यक्तिलाई चिन्छ/चिन्दैन | | |
| ५ | बालबालिकाको धारणा लिइयो | | |
| ६ | परिवार वा घर सुरक्षित छ | | |
| ७ | हिंसा वा शोषणको जोखिम छैन | | |
| ८ | बेचबिखनको जोखिम छैन | | |
| ९ | आवश्यक सामाजिक वा आर्थिक सहयोग पहिचान भयो | | |
| १० | बाल कल्याण अधिकारीको सिफारिस वा निर्णय प्राप्त भयो | | |
| ११ | लिखित ह्यान्डओभर फाराम तयार भयो | | |
| १२ | फलोअप मिति निर्धारण भयो | | |

सचिव

| क्र.सं. | जाँचको विषय | भयो/भएन | कैफियत |
|---|---|---|---|
| १३ | फलोअप गर्ने जिम्मेवार निकाय तोकियो | | |

निष्कर्ष: नाता पुष्टि भयो/भएन/थप अनुसन्धान आवश्यक

घटना वर्कर: ............... बाल संरक्षण अधिकृत: ............... स्क्रिनिङ सेन्टर प्रमुख: ...............

## अनुसूची-७ : ह्यान्डओभर फाराम

*(दफा २७ र ६० सँग सम्बन्धित)*

आदेश नम्बर: ............... मिति: ...............

यस स्क्रिनिङ सेन्टरमा घटना पहिचान नम्बर ............... मा दर्ता भएका बालबालिका ........................ (उमेर ......, लिङ्ग ......) लाई यस निर्देशिकाको दफा २४ बमोजिम सम्बन्ध प्रमाणीकरण भई, दफा २६ बमोजिम घर तथा परिवार मूल्याङ्कन सम्पन्न भई, दफा २७ बमोजिमको निर्णय अनुसार देहायबमोजिम ह्यान्डओभर गर्ने आदेश दिइएको छ ।

ह्यान्डओभरको प्रकार: पारिवारिक पुनर्मिलन/नातेदार हेरचाह/पालनपोषण हेरचाह/अनुमतिप्राप्त बाल हेरचाह संस्था/अन्य

| विवरण | जानकारी |
|---|---|
| प्राप्त गर्ने व्यक्ति वा संस्थाको नाम | |
| नाता वा भूमिका | |
| ठेगाना | |
| सम्पर्क नम्बर | |
| परिचयपत्रको प्रकार र नम्बर | |
| संस्था भए अनुमति नम्बर र मिति | |
| ह्यान्डओभरको कानूनी तथा तथ्यगत आधार | |
| ह्यान्डओभरको समयमा बालबालिकाको स्वास्थ्य तथा | |

सचिव

| विवरण | जानकारी |
|---|---|
| समग्र अवस्था | |
| बुझाइएका कागजात, औषधि तथा सामान | |
| फलोअपको जिम्मेवारी तोकिएको निकाय | |
| फलोअप मितिहरू (१, ३, ६ र १२ महिना) | |

बालबालिकाको विचार सोधिएको छ/छैन (सारांश): ............................................

| पक्ष | नाम | पद | हस्ताक्षर | मिति |
|---|---|---|---|---|
| स्क्रिनिङ सेन्टर प्रमुख | | | | |
| सम्बन्धित स्थानीय तहको प्रतिनिधि | | | | |
| बाल कल्याण अधिकारी वा अधिकारप्राप्त निकाय | | | | |
| राष्ट्रिय बाल अधिकार परिषद्को प्रतिनिधि (आवश्यक भएमा) | | | | |
| प्राप्त गर्ने व्यक्ति वा संस्था | | | | |
| साक्षी १ (वडा वा जनप्रतिनिधि) | | | | |
| साक्षी २ | | | | |

सचिव

अनुसूची–८ : पुनर्मिलनपछिको फलोअप फाराम

*(दफा ६१ सँग सम्बन्धित)*

घटना पहिचान नम्बर: .................. पुनर्मिलन मिति: ..................

फलोअप चरण: १ महिना / ३ महिना / ६ महिना / १२ महिना फलोअप मिति: ..................

| सूचक | अवस्था | कैफियत |
|---|---|---|
| बालबालिका सोही परिवारमा छन् | छन् / छैनन् | |
| स्वास्थ्य अवस्था | राम्रो / सामान्य / चिन्ताजनक | |
| पोषण तथा खानाको अवस्था | | |
| विद्यालय भर्ना तथा उपस्थिति | भएको / नभएको | |
| भावनात्मक अवस्था | | |
| हिंसा, उपेक्षा वा बालश्रमको सङ्केत | छ / छैन | |
| परिवारको आर्थिक अवस्था | | |
| सामाजिक सुरक्षा वा सहयोगमा पहुँच | छ / छैन | |

सचिव

बालबालिकासँग निजी कुराकानीको सारांश: ..........................................................

आवश्यक हस्तक्षेप वा रेफरल: ..........................................................

पुनः संरक्षण सेवा आवश्यक छ/छैन: ....................

फलोअप गर्ने अधिकारीको नाम, निकाय र हस्ताक्षर: ..........................................

## अनुसूची–९ : बाल सुरक्षा आचारसंहिता तथा स्वघोषणा

*(दफा ३७ र ३८ सँग सम्बन्धित)*

नामः .............................. पद वा भूमिकाः ..............................

संस्था (भए): .............................. सम्पर्कः ..............................

म प्रतिबद्ध छु कि म–

- सबै बालबालिकालाई मर्यादा र सम्मानका साथ व्यवहार गर्नेछु ।
- बालबालिकाको सर्वोत्तम हितलाई सधैं प्राथमिकता दिनेछु ।
- कुनै पनि बालबालिकासँग एक्लै, बन्द कोठामा वा निगरानीबाहिर रहने छैन ।
- शारीरिक दण्ड, गाली, अपमान वा कुनै पनि प्रकारको हिंसा प्रयोग गर्ने छैन ।
- कुनै पनि बालबालिकासँग यौन प्रकृतिको सम्पर्क, टिप्पणी वा व्यवहार गर्ने छैन ।
- कुनै बालबालिकालाई व्यक्तिगत उपहार, नगद वा विशेष सुविधा दिने छैन ।
- बालबालिकासँग व्यक्तिगत सम्पर्क विवरण आदानप्रदान गर्ने वा स्क्रिनिङ सेन्टरबाहिर सम्पर्क राख्ने छैन ।
- कुनै बालबालिकाको तस्विर वा भिडियो खिच्ने छैन र सामाजिक सञ्जालमा राख्ने छैन ।
- बालबालिकासम्बन्धी सूचनाको पूर्ण गोपनीयता कायम गर्नेछु ।
- कुनै बालबालिकालाई स्क्रिनिङ सेन्टरबाहिर आफ्नो साथमा लैजाने छैन ।
- जात, लिङ्ग, धर्म, भाषा, अपाङ्गता वा कुनै पहिचानका आधारमा भेदभाव गर्ने छैन ।

सचिव

- कार्यस्थलमा मादक पदार्थ वा लागूऔषध सेवन गर्ने छैन।
- बालबालिकालाई व्यक्तिगत वा घरायसी काममा लगाउने छैन।
- बालबालिकामाथि हुन सक्ने कुनै पनि जोखिम वा घटना देखेमा तत्काल प्रतिवेदन गर्नेछु।
- यी शर्तको उल्लङ्घन भएमा तत्काल कार्यबाट अलग गरिने र प्रचलित कानूनबमोजिम कारबाही हुने कुरा मलाई जानकारी छ।
- स्वघोषणा: म घोषणा गर्दछु कि मलाई बालबालिकाविरुद्धको कुनै पनि कसुरमा सजाय भएको छैन र मउपर त्यस्तो कुनै अभियोग वा अनुसन्धान विचाराधीन छैन।

हस्ताक्षर: .................................. मिति: ..................................

पूर्व वृत्तान्त जाँच सम्पन्न: भएको / नभएको प्रमाणित गर्ने अधिकारी: ..................................

## अनुसूची–१० : घटना प्रतिवेदन फाराम

*(दफा ४१ सँग सम्बन्धित— चौबीस घण्टाभित्र*

प्रतिवेदन नम्बर: .................. प्रतिवेदन मिति र समय: ..................

घटनाको प्रकार (लागू हुनेमा चिन्ह लगाउने): बालबालिका हराएको वा अनुमतिबिना बाहिरिएको / हिंसा वा दुर्व्यवहार / यौन शोषणको शङ्का / गम्भीर दुर्घटना वा चोटपटक / मृत्यु / सरुवा रोगको प्रकोप / आगलागी वा प्राकृतिक विपद् / अनधिकृत प्रवेश / आचारसंहिता उल्लङ्घन / अन्य

घटनाको मिति र समय: .................. स्थान: ..................

सम्बन्धित बालबालिकाको घटना पहिचान नम्बर (नाम नलेखे): ..................

घटनाको सङ्क्षिप्त विवरण (तथ्यमा आधारित, अनुमान नराखे):

..........................................................................................................

तत्काल गरिएको कारबाही:

..........................................................................................................

जानकारी गराइएको निकाय: स्क्रिनिङ सेन्टर प्रमुख (समय: ........) / समिति / स्थानीय तह / बाल कल्याण अधिकारी / राष्ट्रिय बाल अधिकार परिषद् / नेपाल प्रहरी / मन्त्रालय

थप आवश्यक कारबाही वा सिफारिस: ..........................................................

सचिव

प्रतिवेदकको नाम, पद र हस्ताक्षरः ...............................

स्क्रिनिङ सेन्टर प्रमुखको टिप्पणी र हस्ताक्षरः ...............................

*(गोपनीय– अनधिकृत व्यक्तिलाई देखाउन निषेध)*

## अनुसूची-११ : आगन्तुक अभिलेख

*(दफा ४२ सँग सम्बन्धित)*

मितिः ..................

| क्र.सं. | नाम | संस्था वा पद | परिचयपत्र नं. | प्रवेशको उद्देश्य | अनुमति दिने अधिकारी | भित्र समय | बाहिर समय | मोबाइल बुझाएको | साथ रहने कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

सुरक्षा कर्मचारीको नाम र हस्ताक्षरः ...............................

सचिव

## अनुसूची-१२ : कडाइका साथ निषेधित कार्य

*(दफा २९, ३८ र ४३ सँग सम्बन्धित– स्क्रिनिङ सेन्टरमा प्रदर्शन गर्ने*

१. अनधिकृत व्यक्तिलाई बालबालिका जिम्मा दिने ।

२. बालबालिकाको तस्विर वा व्यक्तिगत विवरण सामाजिक सञ्जालमा राखे ।

३. अनुमतिबिना सञ्चारमाध्यमलाई अन्तर्वार्ता गराउने ।

४. बालबालिकालाई विपद्, मृत्यु वा हिंसाको घटना पटकपटक सुनाउन लगाउने ।

५. दाताले बालबालिकालाई प्रत्यक्ष नगद वा उपहार दिने ।

६. शारीरिक वा मानसिक दण्ड दिने ।

७. बालबालिकालाई श्रम वा घरेलु काममा लगाउने ।

८. अनुमति नभएको संस्थामा पठाउने ।

९. परिवार पुष्टि नगरी बालबालिका ह्यान्डओभर गर्ने ।

१०. बालबालिकाको गोप्य घटना फाइल व्यक्तिगत मोबाइल वा उपकरणमा राखे ।

११. पर्याप्त प्रमाण नभई "अनाथ" घोषणा गर्ने ।

सचिव

१२. कानूनी प्रक्रिया पूरा नगरी धर्मपुत्र वा धर्मपुत्री ग्रहणसम्बन्धी प्रक्रिया अघि बढाउने।

१३. अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री ग्रहणसम्बन्धी प्रक्रिया प्रारम्भ वा सहजीकरण गर्ने।

१४. बालबालिकालाई प्रचार, राजनीतिक कार्यक्रम वा आर्थिक सहयोग सङ्कलनका लागि प्रयोग गर्ने।

१५. दाजुभाइ तथा दिदीबहिनीलाई कारणबिना छुट्याउने।

## अनुसूची-१३ : स्क्रिनिङ सेन्टरको दैनिक अवस्थासम्बन्धी प्रतिवेदनको नमूना

*(दफा ४६ र ५६ सँग सम्बन्धित)*

मितिः .................... प्रतिवेदन तयार भएको समयः ....................

| विवरण | संख्या |
|---|---|
| स्क्रिनिङ सेन्टरमा रहेका कुल बालबालिका | |
| बालक | |
| बालिका | |
| अन्य | |
| पाँच वर्षमुनिका बालबालिका | |
| अपाङ्गता भएका बालबालिका | |

सचिव

| विवरण | संख्या |
| --- | --- |
| आज नयाँ आएका बालबालिका | |
| आज परिवारसँग पुनर्मिलन भएका | |
| सुरक्षित नातेदारको जिम्मामा ह्यान्डओभर भएका | |
| स्वीकृत वैकल्पिक हेरचाह सेवामा पठाइएका | |
| अस्पताल रेफरल गरिएका | |
| परिवार खोजी जारी रहेका घटना | |
| विशेष संरक्षण आवश्यक घटना | |
| आज भएका सुरक्षा घटना | |

स्वास्थ्यसम्बन्धी मुख्य विषय: ..............................

मनोसामाजिक अवस्थासम्बन्धी मुख्य विषय: ..............................

खाद्यान्न तथा सामग्रीको अवस्था: ..............................

तत्काल आवश्यक सहयोग वा निर्णय: ..............................

प्रतिवेदन तयार गर्ने कर्मचारी: .................. स्क्रिनिङ सेन्टर प्रमुख: ..................

## अनुसूची-१४ : नमुना दैनिक दिनचर्या

*(दफा १७ सँग सम्बन्धित)*

| समय | गतिविधि |
| --- | --- |
| बिहान ६:०० - ६:३० | उठ्ने र ओछ्यान मिलाउने |
| ६:३० - ७:१५ | व्यक्तिगत सरसफाइ |
| ७:१५ - ८:०० | दैनिक स्वास्थ्य अवलोकन (अनुसूची-५) |
| ८:०० - ८:४५ | बिहानको भोजन |
| ८:४५ - ९:०० | दिनको सुरुवात — समूह भेला र दिनचर्याको जानकारी |

सचिव

| समय | गतिविधि |
|---|---|
| ९:00-१0:३0 | सिकाइ सत्र (उमेर समूह अनुसार) |
| १0:३0-११:00 | खाजा |
| ११:00-१२:३0 | बालमैत्री गतिविधि — खेल, चित्रकला, सङ्गीत, कथा |
| १२:३0-१:३0 | दिउँसोको भोजन र आराम |
| १:३0-२:३0 | व्यक्तिगत काउन्सेलिङ सत्र तथा घटना वर्करसँग भेट (पालैपालो) |
| २:३0-४:00 | समूहगत मनोसामाजिक गतिविधि तथा खेलकुद |
| ४:00-४:३0 | खाजा |
| ४:३0-५:३0 | स्वतन्त्र खेल, पुस्तक तथा सिर्जनात्मक कार्य |
| ५:३0-६:३0 | सरसफाइ तथा व्यक्तिगत समय |
| ६:३0-७:३0 | बेलुकाको भोजन |
| ७:३0-८:३0 | कथा, गीत तथा शान्त गतिविधि |
| ८:३0 बजे | शयन (साना बालबालिका ८:00 बजे) |
| रातभर | हेरचाहकर्ता तथा स्वास्थ्यकर्मीको निगरानी सिफ्ट |

*पाँच वर्षमुनिका बालबालिकाका लागि दिउँसोको सुताइ तथा बारम्बार खुवाइ समावेश गरी छुट्टै लचिलो दिनचर्या लागू गरिनेछ।*

सचिव